का.जि.प्र.का.द.नं. १००/०५२/६०
१६ कात्तिक २०८३
सोमबार
2 November 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७६। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

बालश्रमबारे दुई मन्त्रीबीच मतभेद



नेपाली विद्यार्थी तथा किशोर-किशोरीहरुलाई स्वेच्छिक रुपमा पार्ट-टाइम काम गर्न पाउनुपर्ने व्यवस्था गर्नुपर्छ । यसले विद्यार्थीलाई आफ्नो पढाइ खर्च जुटाउन र आत्मनिर्भर बन्न मद्दत पुऱ्याउँछ ।

सोविता गौतम
मन्त्री

'पार्ट-टाइम काम'को नाममा कानुनी रुपमा खुकुलोपन दिँदा त्यसको दुरुपयोग हुन सक्छ । गरिब र सीमान्तकृत समुदायका बालबालिका कलकारखाना वा होटलमा बालश्रम र श्रम शोषणको चक्रमा फस्ने जोखिम उच्च रहन्छ ।

सीता बादी
मन्त्री

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १५ कात्तिक

बालबालिकालाई काममा लगाउन पाउने न्यूनतम उमेर कति कायम गर्ने भन्ने विषयमा कानुनमन्त्री सोविता गौतम र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीबीच मतभेद देखिएको छ । बालबालिकासम्बन्धी ऐन संशोधनका लागि सरकारले ल्याएको विधेयकमा १३ वर्ष उमेर पूरा गरेका बालबालिकालाई निश्चित सर्तमा हलुका काममा लगाउन सकिने व्यवस्था प्रस्ताव गरिएपछि दुई मन्त्रीबीच नीतिगत भिन्नता देखिएको हो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री बादी बालश्रमको जोखिम बढ्न सक्ने भन्दै बालबालिकालाई काममा लगाउने कानुनी व्यवस्था खुकुलो बनाउन नहुने पक्षमा छिन् । अर्कोतर्फ, कानुनमन्त्री गौतमले विद्यार्थी तथा किशोर-किशोरीलाई पढाइमा असर नपर्ने गरी स्वेच्छिक रूपमा आंशिक काम गर्न पाउने व्यवस्था गर्नुपर्नेमा जोड दिँदै आएकी छन् । उनको तर्कमा कानुन व्यावहारिक हुनुपर्छ र विद्यार्थीलाई पढाइ खर्च जुटाउन तथा आर्थिक रूपमा आत्मनिर्भर बन्ने अवसर दिनुपर्छ ।

> बालश्रमसम्बन्धी नयाँ विधेयकमा १३ वर्षदेखि नै निश्चित सर्तमा बालबालिकालाई काम गर्न दिनुपर्ने कानुनी लचकताको पक्षमा कानुनमन्त्री सोविता गौतम देखिएकी छन् । तर महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीले यस्तो व्यवस्थाले बालश्रम र शोषण बढाउन सक्ने भन्दै संरक्षण, शिक्षा र सामाजिक सुरक्षालाई प्राथमिकता दिनुपर्ने धारणा राखेकी छन् ।

बादीले बालबालिकाको सर्वोत्तम हित, डिजिटल हिंसा र बालश्रम अन्त्यलाई सामाजिक सुरक्षासँग जोडेर विधेयक अघि बढाउनुपर्ने धारणा राखेकी छन् । 'नेपालजस्तो विकासोन्मुख देशको परिप्रेक्ष्यमा 'पार्ट-टाइम काम'को नाममा कानुनी रूपमा खुकुलोपन दिँदा त्यसको दुरुपयोग हुन सक्छ, यसले गर्दा गरिब र सीमान्तकृत समुदायका बालबालिका कलकारखाना वा होटलमा बालश्रम र श्रम »» पृष्ठ २ मा

न्यायाधीश-बिचौलिया साँठगाँठ

रास्वपामा दुई धार

सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँललाई महाभियोग लगाउन रास्वपा एकमत छ । तर प्रधानन्यायाधीश डा. मनोज शर्माबारे रास्वपाभित्र मतैक्य छैन ।



महाभियोग लगाउनुअघि सबै प्रमाण हेर्रौं, मूल्यांकन गरौं र समिति गठन गरौं भन्ने लाइनमा छौं ।

मधुकुमार चौलागाईं
सांसद, रास्वपा



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १५ कात्तिक

न्यायाधीश-बिचौलिया साँठगाँठ प्रकरणलाई लिएर सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आन्तरिक र बाह्य छलफलमा जुटेको छ । आन्तरिक छलफलका क्रममा महाभियोगको विषय आएको छ । तर, महाभियोगमा कसरी अगाडि बढ्ने र क-कसलाई महाभियोग लगाउने भन्ने निचोडमा पुग्न सकेको छैन ।

रास्वपाभित्र न्यायाधीश हरिप्रसाद फुयाँलमाथि महाभियोग लगाउनुपर्नेमा बलियो मत देखिए पनि प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माको हकमा भने एकमत छैन । महाभियोग प्रस्ताव तत्काल संसद्मा लैजाने कि पहिले छानबिन गरेर मात्रै निर्णय गर्ने भन्नेमा पनि सांसदहरू दुई धारमा विभाजित छन् ।

सर्वोच्च अदालतका न्यायाधीशहरू र विवादित पृष्ठभूमिका इनम सापकोटाबीच सम्बन्ध देखिएका »» पृष्ठ २ मा



जनकपुरको जितमा समर्थकको उत्साह

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा जनकपुर बोल्ट्सले दोस्रो जित निकालेको छ । आइतबार पोखरा एभेन्जर्सलाई ९ रनले पराजित गर्दै जनकपुरले प्रतियोगितामा दोस्रो जित हात पारेको हो । त्रिवि क्रिकेट मैदानमा जनकपुरका समर्थकहरूको उत्साहपूर्ण उपस्थिति रहेको थियो । आफ्नो टोलीलाई समर्थन गर्न दर्शकहरू जनकपुरको जर्सी र झन्डासहित मैदानमा पुगेका थिए ।

वैदेशिक रोजगार विशेष

रोमानियाले 'वर्क इन रोमानिया' डिजिटल प्लेटफर्म पुनः सञ्चालन गर्ने

मध्यान्ह संवाददाता
काठमाडौं, १५ कात्तिक

रोमानियाले गैरयुरोपेली मुलुकबाट विदेशी कामदार भर्ना गर्ने प्रक्रिया पुनः सञ्चालन गर्ने सम्भावना बढेको छ । रोमानिया नेपाली श्रमिक लामो समयदेखि रोजगारीका लागि गइरहेको मुलुक हो ।

असोजमा रोमानियामा म्यानपावर कम्पनीमार्फत श्रमिक नगए पनि व्यक्तिगत श्रम स्वीकृतिमा ४७५ जना गएका छन् । लामो समयदेखि प्रभावित हुँदै आएको विदेशी कामदार भर्ना प्रक्रियालाई सहज बनाउन रोमानिया सरकारले 'वर्क इन रोमानिया' डिजिटल प्लेटफर्म पुनः सञ्चालन गर्ने तयारी गरेपछि गैरयुरोपेली श्रमिकका लागि रोजगारीको सम्भावना बढेको हो । रोमानियामा विदेशी कामदारको माग उच्च रहे पनि प्रशासनिक »» पृष्ठ २ मा

एनआरएनएको नवौं मध्यपूर्व क्षेत्रीय सम्मेलनको तयारी तीव्र



तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १५ कात्तिक

गैरआवासीय नेपाली संघ (एनआरएनए)को नवौं मध्यपूर्व क्षेत्रीय सम्मेलनको तयारी तीव्र पारिएको छ । आगामी डिसेम्बर ११-१२ मा कतारमा आयोजना हुने सम्मेलनको मूल नारा 'सुरक्षित श्रम आप्रवासन, समृद्ध भविष्य, एनआरएनएको अभियान' तय गरिएको छ । सम्मेलनको मुख्य विषयवस्तु 'सहयात्रा' रहेको छ ।

मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकका समस्या र चुनौतीलाई सम्बोधन गर्ने, सुरक्षित तथा मर्यादित वैदेशिक रोजगारीलाई प्रवर्धन गर्ने र श्रमिकको अधिकार तथा हित संरक्षण गर्ने उद्देश्य सम्मेलनले लिएको गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष कृष्ण पन्थीले जानकारी दिए ।

विस्तृत समाचार पृष्ठ ५ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कांग्रेस देउवा समूह

गन्तव्य मूलधार, कमजोर कानुनी आधार



विधिवत् र
वैचारिक दृष्टिकोणबाट
हाम्रो महाधिवेशन वैधानिक
हुन्छ । विचारको राजनीतिमा
विश्वास गर्ने साथीहरू प्रतिकूल
अवस्थामा मूलधारमा रहन्छन्,
त्यो नै हाम्रो धार हो ।

डा. प्रकाशशरण महत
नेता, देउवा समूह



विधानतः कांग्रेसको १५औं
महाधिवेशन असोज १८-२३ मै
भइसक्यो । पार्टीको महाधिवेशन
सकिइसकेपछि कुनै व्यक्तिले
अर्को अधिवेशन गर्छौं भन्ने कुनै
राजनीतिक, वैधानिक र नैतिक
अधिकार रहँदैन ।

डा. डिला संग्रौला
महामन्त्री, नेपाली कांग्रेस



पुनरावलोकनको अनुमति
फैसला हैन, दोहोऱ्याएर
हेर्नेसम्मको अनुमति मात्रै
हो । तत्कालीन समयमा १५औं
महाधिवेशन रोक्ने निवेदनलाई
पनि अदालतले अस्वीकार
गरेपछि महाधिवेशन भएको हो ।

सीताराम केसी
वरिष्ठ अधिवक्ता

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १५ कार्तिक

समानान्तर महाधिवेशन प्रक्रियामा रहेको नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले तल्लो तहका अधिवेशन धमाधम गरिरहेको छ । सर्वोच्च अदालतमा विचाराधीन रहेको कांग्रेसको आधिकारिकतासम्बन्धी विवादकै बीच पूर्वमहामन्त्री शशांक कोइरालाको नेतृत्वमा गठन भएको १५औं महाधिवेशन तयारी समितिले देशभर अधिवेशन गरिरहेको हो ।

समानान्तर महाधिवेशनको तयारीमा उत्रिएको यो पक्षले यसअघि वडा, पालिका, प्रदेश र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन गरेर जिल्ला अधिवेशनमा लागेको दाबी गरेको छ । यद्यपि सबै ठाउँमा अझै अधिवेशन हुन सकेको छैन । १५ असोजदेखि वडा अधिवेशन सुरु गरेको यो समूहले २० असोजमा पालिका अधिवेशन, असोज २३ मा प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशन र कार्तिक पहिलो हप्ता जिल्ला अधिवेशन गर्ने गर्ने तालिका ल्याएको थियो ।

देउवापक्षीय नेता दीपक कुइँकेलले अधिकांश जिल्ला अधिवेशन आइतबारसम्म सक्ने भने पनि केही जिल्लाको बाहेक अधिवेशन हुन सकेको छैन । उनीहरूले विशेष महाधिवेशन हुँदै १५औं नियमित महाधिवेशन गरिसकेको नेपाली कांग्रेसबाट असन्तुष्ट भएका नेताहरू, महाधिवेशनमा भाग नलिएका कार्यकर्ता र अधिवेशनपछि चुनाव हारेका असन्तुष्ट नेताहरूको खोजी गरिरहेको छन् । संस्थापन पक्षको अधिवेशनमा प्रतिनिधिमा पराजित अधिकांश कार्यकर्ता देउवा पक्षको अधिवेशनमा जोडिएको नेता कुइँकेलको भनाइ छ । 'अधिवेशनमा उत्साहपूर्ण सहभागिता देखिएको छ । ७७ वटै जिल्लामा अधिवेशनको प्रक्रिया जारी छ,' उनले मध्यान्हसँग भने । सबैलाई समेटेर लैजान खोज्दा केही वडा, पालिका र क्षेत्रीय अधिवेशन गर्न विलम्ब भएको उनको भनाइ छ ।

कांग्रेस संस्थापनले भने असोज १८-२३ मा १५औं महाधिवेशन सम्पन्न गरी नयाँ केन्द्रीय समितिको सूची निर्वाचन आयोगमा बुझाइसकेको छ । बाहिर रहेका नेतालाई जोड्ने संस्थापन पक्षको दाबी छ । ' पार्टीको १५औं महाधिवेशन सकेर हामीले निर्वाचन आयोगमा नयाँ समितिको सूची बुझाइसकेका छौं,' नेपाली कांग्रेसकी महामन्त्री डा. डिला संग्रौलाले भनिन्, ' पार्टीको महाधिवेशन सकिइसकेपछि कुनै व्यक्तिले अर्को अधिवेशन गछौं भन्ने कुनै राजनीतिक, वैधानिक र नैतिक अधिकार रहँदैन । कांग्रेस पार्टीको १५औं महाधिवेशन



असोज १८-२३ मै भइसक्यो, अब कसको अधिवेशन गर्ने हो ?'

कांग्रेसले १५औं महाधिवेशनमा भाग नलिएका केही नेतालाई पार्टीमा आउन अझै बाटो नरोकेको उनको जिकिर छ । विशेष महधिवेशन गरेको आएको कांग्रेसको मूल नेतृत्वले १५औं महाधिवेशन गरेर आफ्नो आगामी चारवर्षे कार्यक्रम कार्यान्वयनतर्फ लागिसकेको छ ।

१४औं महाधिवेशनबाट निर्वाचित करिब २० जना नेता कांग्रेसको १५औं महाधिवेशन बहिष्कार गरेर समानान्तर अधिवेशनतर्फ लागेका छन् । यो समूहले प्रदेश अधिवेशन मंसिर ४ गते र केन्द्रीय महाधिवेशन मंसिर २१ देखि २३ गतेसम्म काठमाडौंमा गर्ने अन्तिम तयारीमा जुटेको नेताहरूले बताएका छन् । उक्त महाधिवेशनमार्फत पुनः पार्टीको मूलधारमा पुग्ने सो समूहका नेताहरूको अपेक्षा छ ।

देउवा समूहको निर्वाचन समितिले ६ हजार ७४३ वडा, ७ सयभन्दा बढी पालिका, प्रदेश निर्वाचन क्षेत्र र अधिकांश क्षेत्रीय अधिवेशन सकिएको दाबी गरेको छ । यद्यपि यो समूहमा बस्ने नेता-कार्यकर्ताको अभाव हुँदा काठमाडौंमै बसेर पालिका, प्रदेश तथा क्षेत्रीय संयोजक तोक्ने काम नेताहरूले गरेका छन् । ती संयोजकबाटै संगठन विस्तार गर्ने प्रयासमा रहेको देउवा समूहले महाधिवेशनमा बढी शक्ति प्रदर्शन गर्ने योजना बनाएको छ । अहिले डा. शशांक कोइरालाले नेतृत्व गरेको उक्त समूहमा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा राम्रै सहभागिता देखिएको छ भने अन्य प्रदेश तथा जिल्लामा देउवा समूहलाई भूगोलमा बस्ने नेता भेट्नै सकस छ । तर नेताहरूले त्यसलाई अस्वीकार गर्दै आएका छन् ।

देउवा समूहका नेता डा. प्रकाशशरण महतले जिल्ला अधिवेशनहरूलाई व्यापकता दिएको बताए । धेरै ठाउँमा क्षेत्रीय अधिवेशन सकिएको र जिल्ला अधिवेशनहरू भइरहेको उनको दाबी छ । 'अधिवेशनको दौरानमा अर्कोतिर लागेका धेरै साथीहरू यतै जोडिनुभएको छ,' महतले मध्यान्हसँग भने, 'धेरैले यही ठाउँमा रहनुपर्ने रहेछ भनेर आउनुभएको छ ।' अधिवेशनमा देखिएको उत्साहले आफ्नो मनोबल बढेको उनको भनाइ छ । 'वैचारिक दृष्टिकोण, विधि र सामूहिकताका पक्षमा रहने साथीहरूको स्वस्फूर्त रूपमा उल्लेख्य सहभागिता छ,' डा. महतले भने, 'गगनजीहरूले विशेष महाधिवेशन हुँदै १५औं अधिवेशन भनेर गर्नुभएको छ त्यो नै अवैधानिक हो । १५औं महाधिवेशन १४औं महाधिवेशनको सभापतिबाटै हुने वैधानिक व्यवस्था कांग्रेसको छ ।'

जिल्ला अधिवेशन सकेर ४ मंसिरमा प्रदेश अधिवेशन र २१-२३ मंसिरमा केन्द्रीय महाधिवेशन गर्ने तालिका यो समूहको छ । काठमाडौंको भृकुटी मण्डप, राष्ट्रिय सभागृह र खुलामञ्चमा पत्र पठाइसकेको र तीमध्ये एक ठाउँमा महाधिवेशन हुने नेता महतले बताए । 'विधिवत् र वैचारिक दुवै दृष्टिकोणबाट उहाँहरू (गगन थापा)को महाधिवेशनभन्दा हाम्रो महाधिवेशन वैधानिक छ,' डा. महतले भने, 'कांग्रेसको वैचारिक लाइन नै प्रजातान्त्रिक समाजवाद हो । वैचारिक पक्ष, विधिको कोण र सामूहिकताका हिसाबले हामी नै कांग्रेसको मूल हौं ।' अहिले विचार र संस्था गौण हुँदै व्यक्तिवादी प्रवृत्ति हावी भएको नेता महतले बताए । 'विचारको राजनीतिमा विश्वास गर्ने साथीहरू प्रतिकूल अवस्थामा मूलधारमा रहन्छन्, त्यो नै हाम्रो धार हो,' उनले दाबी गरे ।

कानुनी आधार कमजोर

कांग्रेसको विधानअनुसार विशेष महाधिवेशन गरेर विशेष महाधिवेशनको नेतृत्वले गरेको एक वर्षभित्रमा १५औं महाधिवेशन सम्पन्न गरिसकेकाले कुनै कानुनी तथा वैधानिक विवाद कमजोर भएको छ । कांग्रेसको आधिकारिकतासम्बन्धी अदालतमा विचाराधीन मुद्दा अहिले नै टुंगो लाग्ने अवस्थामा छैन । सो मुद्दा सुनुवाइ भइहाले पनि आधिकारिक रूपमा महाधिवेशनका सबै प्रक्रिया पुऱ्याएर वडा, पालिका, प्रदेश निर्वाचन क्षेत्र र संघीय निर्वाचन क्षेत्रको अधिवेशन सकेर केन्द्रीय महाधिवेशन सम्पन्न गरिसकेको अवस्थामा विचाराधीन मुद्दा स्वतः निष्क्रिय हुने कानुन व्यवसायीले दाबी गरेका छन् ।

कांग्रेसको विधानअनुसार विशेष महाधिवेशन गरेर विशेष महाधिवेशनको नेतृत्वले गरेको एक वर्षभित्रमा १५औं महाधिवेशन सम्पन्न गरिसकेकाले कुनै कानुनी तथा वैधानिक विवाद नरहेको केन्द्रीय सदस्यसमेत रहेका वरिष्ठ अधिवक्ता सीताराम केसीले बताए । विशेष महाधिवेशनलाई आधिकारिकता नदिन माग गर्दै देउवा समूह अदालत गएको थियो । उक्त मुद्दामा सुनुवाइ गर्दै सर्वोच्चको डिभिजन बेन्चले आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयलाई नै सदन गरेको थियो । 'देउवा पक्षका नेताहरू पुनरावलोकनको माग लिएर गएपछि अदालतले पुनरावलोकनको अनुमति दियो,' अधिवक्ता केसीले मध्यान्हसँग भने, 'त्यो फैसला हैन, दोहोऱ्याएर हेर्नेसम्मको अनुमति मात्रै हो ।' तत्कालीन समयमा १५ महाधिवेशन रोक्न निवेदन दिँदा पनि अदालतले रोक्न अस्वीकार गरेको अवस्थामा सभापति गगन थापा नेतृत्वको नेपाली कांग्रेसले १५औं महाधिवेशन गरिसकेको अवस्थामा कुनै कानुनी वा वैधानिक झन्झट नरहेको उनको दाबी छ । विशेष महाधिवेशनको अध्यावधिक गरिसकेको अवस्था र १५ महाधिवेशनको समेत अध्यावधिक गर्ने प्रक्रियामा रहेको छ ।

तर, देउवा पक्षले कांग्रेसकै लोगो र झण्डा प्रयोग गरेर अधिवेशनका नाममा भेला गर्दै हिँडेको संस्थापन पक्षका नेताहरूले आपत्ति जनाएका छन् । १५औं महाधिवेशनको नयाँ नेतृत्व अध्यावधिक भइसकेपछि निर्वाचन आयोगले नै अनाधिकृत झण्डा र लोगो प्रयोग गर्न रोक्ने कांग्रेसको विश्वास छ । 'दलसम्बन्धी ऐनले पार्टीको झण्डा र चुनाव चिह्नको विषयमा आधिकारिकता सम्बन्धमा निर्वाचन आयोगले नै निर्णय गर्नुपर्ने हो,' केन्द्रीय सदस्य केसीले भने । यस विषयमा आयोगले नै एक्सन लिने भएकाले थप मुद्दा मामिलाको अवस्थासम्म पुग्न नपर्ने नेताहरूले बताएका छन् ।

रौतहटका तीन अलपत्र आयोजनाको ठेक्का तोडियो

काठमाडौं/मस-रौतहटमा लामो समयदेखि अलपत्र रहेका तीन पूर्वाधार आयोजनाको ठेक्का सम्झौता तोडिएको छ । निर्माणमा पटक-पटक म्याद थप गर्दा पनि काम सम्पन्न हुन नसकेपछि चन्द्रनिगाहपुर-गौर सडकअन्तर्गत लमाहा खोला पुल, चपुर-सुकदेव चोक-लौकाहा सडक खण्डको लौकाहा खोला पुल र महेन्द्र राजमार्गको धनसार-बागमती खण्डको सडक स्तरोन्नति आयोजनाको ठेक्का तोडिएको हो ।

पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले रौतहटका तीन अलपत्र आयोजनाको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट काम अघि बढाउने निर्णय गरिएको जानकारी दिएका छन् ।

मन्त्री लम्सालका अनुसार चन्द्रनिगाहपुर-गौर सडकअन्तर्गत लमाहा खोला पुल र चपुर-सुकदेव चोक-लौकाहा सडक खण्डको लौकाहा खोला पुल निर्माणको काम विगत १० वर्षदेखि अलपत्र थियो । पटक-पटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न हुन नसकेपछि दुवै पुलको ठेक्का सम्झौता अन्त्य गरिएको हो ।

यी दुवै पुल निर्माणका लागि २०७३ चैत २१ गते पप्पु र शिवशंकर जेभी, गरुडा, रौतहटसँग सम्झौता भएको थियो। सम्झौताअनुसार आर्थिक वर्ष २०७५/७६ भित्रै निर्माण सम्पन्न गर्नुपर्ने भए पनि पटक-पटक म्याद थप गर्दै अन्तिम समयसीमा २०८० असार ३० गतेसम्म पुऱ्याइएको थियो । तर, निर्धारित समयभित्र निर्माण सम्पन्न हुन सकेन ।

पुल निर्माणमा भएको ढिलाइका कारण स्थानीयले लामो समयदेखि आवागमनमा सास्ती भोग्दै आएका छन्। अलपत्र आयोजनाको बाँकी काम नयाँ प्रक्रियाबाट सम्पन्न गर्ने निर्णयमा सरकार पुगेको मन्त्री लम्सालले बताएका छन् ।

त्यस्तै, महेन्द्र राजमार्गको धनसार-बागमती खण्डमा सडक स्तरोन्नति तथा पुनर्स्थापनाका लागि गरिएको ठेक्का सम्झौता पनि तोडिएको छ । गत आर्थिक वर्षभित्रै सम्पन्न गर्नुपर्ने उक्त आयोजनामा भौतिक प्रगति शून्य देखिएपछि ठेक्का अन्त्य गर्ने निर्णय गरिएको मन्त्री लम्सालले जानकारी दिएका छन् ।

सडक डिभिजन चन्द्रनिगाहपुरले पनि ठेक्का सम्झौता अन्त्य गरिएको सम्बन्धमा सार्वजनिक सूचना जारी गरेको छ । सूचनाअनुसार लमाहा र लौकाहा खोला पुल निर्माणका लागि पप्पु/शिवशंकर जेभीसँग गरिएका दुईवटा ठेक्का तथा महेन्द्र राजमार्गको धनसार-बागमती खण्डको सडक स्तरोन्नतिसम्बन्धी ठेक्का सम्झौता अन्त्य गरिएको हो ।

बुद्धिचाल प्रतियोगिता हुँदै

काठमाडौं/मस-काठमाडौं स्पोर्ट्स एकेडेमीको आयोजना तथा काठमाडौं महानगरपालिका वडा नं. १६ र काठमाडौं जिल्ला बुद्धिचाल संघको सह-आयोजनामा राष्ट्रिय स्तरको बुद्धिचाल प्रतियोगिता २०८३ गर्न लागेको छ । आगामी २०८३ कार्तिक १७ र १८ गते नयाँ बजार, काठमाडौं स्थित नयाँ बजार मल्टि भेन्यूमा आयोजना हुन लागेको आयोजकले जनाएको छ ।

नेपालमा बुद्धिचाल खेलको प्रवर्द्धन तथा प्रतिभावान खेलाडीहरूको पहिचान एवं प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको यस फिडे स्वीकृत प्रतियोगिता को कुल नगद पुरस्कार राशि २ लाख ५३ हजार रहेको छ । ९ राउन्ड स्वीस लिग (फिडे चेस नियम अनुसार सञ्चालन हुने काठमाडौं स्पोर्ट्स एकेडेमीका कानुनी तथा प्रेस सल्लाहाकार प्रविण भडेलले जानकारी दिए ।

यस खेलमा महिला तथा पुरूष प्रतियोगिहरूले भाग लिन पाउनेछन् । पुरूष समुह तर्फ प्रथम ५० हजार, द्वितीय ३० हजार, तृतीय २० हजार, चौथो १२ हजार, पाँचौं ८ हजार, छैटौं देखि दशौं सम्म: जनही ५ हजार राखिएको छ । त्यस्तै महिला समूहतर्फ प्रथम: ७ हजार, द्वितीय: ४ हजार, तृतीय ३ हजार, चौथो देखि दशौं सम्म: जनही २ हजार राखिएको काठमाडौं स्पोर्ट्स एकेडेमीका अध्यक्ष नारायण दास गमालले जानकारी दिए ।

बालश्रम...

शोषणको चक्रमा फस्ने जोखिम उच्च रहन्छ,' बादी भन्छिन् । राज्यले बालबालिकालाई काममा लगाउने नीतिगत बाटो खोल्नुभन्दा उनीहरूको पूर्ण संरक्षण, निःशुल्क शिक्षा र सामाजिक सुरक्षा सुनिश्चित गर्नुपर्ने उनको जोड छ । बालपोषण भत्ता र छात्रवृत्तिजस्ता कार्यक्रममार्फत बालबालिकालाई श्रममा जानुपर्ने बाध्यताबाट मुक्त गर्नुपर्ने उनको धारणा छ । बालअधिकारसम्बन्धी अन्तर ाष्ट्रिय महासन्धिहरूमा नेपालले गरेको प्रतिबद्धताअनुसार बालश्रमलाई पूर्ण रूपमा निरुत्साहित गर्नुपर्ने उनी बताउँछिन् । तीन तहका सरकारबीच जिम्मेवारी स्पष्ट गर्दै स्थानीय तहलाई बढी स्रोत र अधिकार दिएर बालश्रम निवारणको नियमन तथा अनुगमन तल्लो तहबाटै प्रभावकारी बनाउनुपर्ने उनको जोड छ ।कानुनमन्त्री गौतम भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी मापदण्ड, ऐनहरूको एकीकरण र व्यवहारिकतालाई प्राथमिकता दिँदै आएकी छन् । नेपाली विद्यार्थी तथा किशोर-किशोरीलाई कानुनी बन्धन खुकुलो पारेर स्वेच्छिक रूपमा पार्ट-टाइम काम गर्न पाउने व्यवस्था गर्नुपर्ने उनको धारणा छ । यसले विद्यार्थीलाई आफ्नो पढाइ खर्च जुटाउन र आत्मनिर्भर बन्न मद्दत पुग्ने उनको तर्क छ । 'कानुन बनाउँदा समाजको बदलिँदो आवश्यकता र व्यवहारिकतालाई हेर्नुपर्छ, कठोर कानुनी प्रतिबन्धले मात्र समस्या समाधान हुँदैन, बरु युवाहरूलाई देशभित्रै आयआर्जनको वातावरण बनाउन कानुनी लचकता आवश्यक पर्छ,' उनी भन्छिन् ।

गौतमले कानुनी व्यवहारिकता, अन्तर्राष्ट्रिय अभ्यास र युवा तथा विद्यार्थीको आर्थिक आत्मनिर्भरतालाई केन्द्रमा राखेर आफ्ना भनाइ राख्दै आएकी छन् । संसदमा राष्ट्रिय सेवा दल विधेयकजस्ता कानुनी दस्तावेजको डिफेन्स गर्दै उनले सरकारले जुनसुकै कानुन बनाउँदा पनि बालबालिकाको हित र बालअधिकारको संरक्षणलाई सर्वोपरि राखेको तथा संविधानको दायराभित्रै रहेर कानुन निर्माण गरिने स्पष्ट पारेकी छन् । बादी बालश्रमको सम्भावित दुरुपयोग रोक्न कडा नियमन र संरक्षणको पक्षमा देखिएकी छन् भने गौतमले निश्चित सर्त र सीमाभित्र अंशकालीन कामको अवसर खुला राख्नुपर्ने धारणा अघि सारेकी छन् । विवादको मूल विषय बालबालिकालाई काममा लगाउन पाउने न्यूनतम उमेर र त्यसका लागि राखिने कानुनी सर्त हो ।

काममा लगाउने उमेर १३ वर्ष कि १५ वर्ष ?

बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, २०८३ माथि सांसदहरूले २० समूहमा १६७ वटा संशोधन प्रस्ताव दर्ता गराएका छन् । तीमध्ये केही सांसदले १५ वर्षमुनिका बालबालिकालाई कुनै पनि प्रकारको श्रम वा रोजगारीमा लगाउन नहुने प्रस्ताव गरेका छन्। सरकारले प्रस्ताव गरेको विधेयकको दफा ३ को उपदफा २ मा १३ वर्ष उमेर पूरा भएका बालबालिकालाई उनीहरूको शैक्षिक गतिविधि र विकासमा असर नपर्ने गरी अभिभावक तथा स्वयं बालबालिकाको सहमतिमा हलुका काममा लगाउन सकिने व्यवस्था छ । विद्यालय समयअघि, पछि वा बिदाको समयमा मात्रै यस्तो काम गर्न सकिने प्रस्ताव गरिएको छ ।

तर, नेपाली कांग्रेसका सांसदहरू रेखाकुमारी यादव, कालीबहादुर सहकारी, हरिनादेवी कामी र नीनुकुमारी कर्णले उक्त व्यवस्थामा संशोधन प्रस्ताव दर्ता गर्दै १५ वर्षमुनिका बालबालिकालाई कुनै पनि प्रकारको श्रम वा रोजगारीमा लगाउन पूर्ण प्रतिबन्ध लगाउनुपर्ने माग गरेका छन् । उनीहरूले विधेयकको दफा २ र ३ लाई नै नयाँ ढंगले लेख्नुपर्ने प्रस्ताव गरेका छन् ।

उनीहरूको संशोधनमा पारिवारिक वा संरक्षित वातावरणमा उमेर र क्षमताअनुसार सामाजिककरण, सीप विकास तथा स्वावलम्बन अभिवृद्धिका लागि गराइने सामान्य घरायसी वा सिकाइजन्य कार्यलाई भने बालश्रम नमान्ने व्यवस्था प्रस्ताव गरिएको छ । तर, त्यस्तो कार्य गर्दा बालबालिकाको स्वास्थ्य, सुरक्षा, शिक्षा, आराम र सर्वांगीण विकास सुनिश्चित हुनुपर्ने उनीहरूको प्रस्ताव छ ।

नेपाली कम्युनिस्ट पार्टीका सांसद रमेशकुमार मल्लले पनि विधेयकमा रहेको १३ वर्ष उमेरको प्रावधानलाई १५ वर्ष बनाउनुपर्ने संशोधन दर्ता गरेका छन् । उनले १५ वर्षमुनिका बालबालिकालाई श्रममा लगाउन नहुने प्रस्ताव गरेका हुन् ।

यस्तो छ विधेयकको व्यवस्था

सरकारले प्रस्ताव गरेको विधेयकअनुसार १५ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई बालविकाससँग सम्बन्धित कामबाहेक अन्य काममा लगाउन पाइने छैन । तर, १३ वर्ष पूरा भएका बालबालिकालाई अभिभावकको सहमतिमा तोकिएका हलुका काममा लगाउन सकिने व्यवस्था गरिएको छ । जोखिमपूर्ण काममा बालबालिकालाई लगाउन पूर्ण प्रतिबन्ध लगाउने प्रस्ताव छ ।

बालबालिकालाई साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म काममा लगाउन नपाइने व्यवस्था पनि छ । काममा लगाइने बालबालिकाका लागि दैनिक अधिकतम ६ घण्टा र साप्ताहिक ३६ घण्टाको कार्यसमय प्रस्ताव गरिएको छ । १३ देखि १५ वर्षमुनिका बालबालिकाले हलुका काम गर्दा भने दैनिक दुई घण्टा र साप्ताहिक १२ घण्टाभन्दा बढी काम गर्न पाउने छैनन् ।

लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा विश्राम र सातामा एक दिन पारिश्रमिकसहित बिदा दिनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ । रोजगारदाताले बालबालिकालाई काममा लगाउनुअघि स्वास्थ्य परीक्षण र आवश्यक तालिम दिनुपर्नेछ । सुरक्षा तथा स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने र समान काममा समान पारिश्रमिक दिनुपर्ने व्यवस्था पनि विधेयकमा छ । बालश्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्ने प्रस्तावसमेत गरिएको छ ।

काममा लगाइने स्थलको स्थानीय तहले कम्तीमा तीन महिनामा एकपटक निरीक्षण गर्नुपर्ने व्यवस्था छ । श्रमबाट अलग गरिएका बालबालिकाको वैकल्पिक हेरचाह र १८ वर्ष नपुगदासम्म पुनर्स्थापनाको जिम्मेवारी पनि स्थानीय तहलाई दिने प्रस्ताव गरिएको छ ।

कानुन उल्लंघन गर्नेलाई सजायको व्यवस्था पनि विधेयकमा समेटिएको छ । १५ वर्षमुनिका बालबालिकालाई निषेधित काममा लगाएमा तीन महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ । जोखिमपूर्ण काममा लगाएमा एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजायको प्रस्ताव गरिएको छ । दुईभन्दा बढी बालबालिकालाई समूह बनाएर काममा लगाएको अवस्थामा प्रत्येक बालबालिकाबापत थप ५० हजार रुपैयाँ जरिवाना हुने व्यवस्था पनि छ । २०५६ सालमा बनेको बालश्रमसम्बन्धी ऐनलाई समयअनुकूल परिमार्जन गर्नुपर्ने आवश्यकता लामो समयदेखि उठ्दै आएको थियो । अहिलेको विधेयकले तीनै तहका सरकारको जिम्मेवारी, अनुगमन, उद्धार र पुनर्स्थापनालाई कानुनी रूपमा व्यवस्थित गर्न खोजेको छ । तर, कानुनमा व्यवस्था थपिँदैमा बालश्रमको समस्या समाधान हुने सुनिश्चितता छैन ।

बालबालिकाको शिक्षा निरन्तरता, श्रमबाट उद्धारपछि परिवार तथा समाजमा पुनर्स्थापना र स्थानीय तहको प्रभावकारी अनुगमन पनि उत्तिकै महत्त्वपूर्ण छन् । अहिले विधेयक प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा दफावार छलफलको प्रक्रियामा छ । त्यसैले प्रस्तावित व्यवस्था अन्तिम कानुन बनिसकेको छैन ।

सिधै महाभियोग प्रस्ताव दर्ता गर्न सक्छन् । अर्को विकल्पमा जाँदा कम्तीमा तीनजना सांसदले महाभियोगको सूचना दिएपछि महाभियोग सिफारिस समितिले छानबिन गर्न सक्छ ।

सिधै महाभियोग प्रस्ताव दर्ता भएपछि सम्बन्धित पदाधिकारीले पदको कार्यसम्पादन गर्न पाउँदैनन् । तर, तीन सांसदको सूचनाका आधारमा समितिले छानबिन अघि बढाउँदा सम्बन्धित पदाधिकारी निलम्बन हुने वा नहुनेबारे संविधानमा स्पष्ट व्यवस्था छैन ।

यही पृष्ठभूमिमा महाभियोगका यी दुई प्रक्रियामध्ये कुन अपनाउने भन्नेमा रास्वपाका सांसदहरूबीच मतभेद देखिएको हो ।

एकथरी सांसद तत्काल एकचौथाइ सदस्यको हस्ताक्षरसहित महाभियोग प्रस्ताव संसदमा लैजानुपर्ने पक्षमा छन् । उनीहरूको तर्कमा छानबिनको नाममा प्रक्रिया लम्ब्याउँदा विषयान्तर हुने र न्यायालय पुनर्संरचनाको प्रयास कमजोर बन्न सक्छ ।

अर्काथरी सांसद पहिले प्रमाणको अध्ययन र छानबिन गरेर मात्रै महाभियोगको निर्णयमा पुग्नुपर्ने पक्षमा छन् । सांसद मधुकुमार चौलागाईं विगतमा राजनीतिक अभिष्ट पूरा गर्न महाभियोग लगाउने अभ्यास भएको भन्दै यसपटक त्यस्तो हुन नहुने बताउँछन् । 'महाभियोग लगाउनुअघि सबै प्रमाण हेरौं, मूल्यांकन गरौं र समिति गठन गरौं भन्ने लाइनमा छौं,' उनले गत शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै भने ।

यी बहस र छलफलका क्रममा न्यायाधीश फुयाँलमाथि महाभियोग लगाउने बलियो मत बनेको छ भने प्रधानन्यायाधीश शर्माबारे प्रश्नमा मतैक्य छैन ।

इनम सापकोटाको मोबाइल तथा विद्युतीय उपकरणबाट प्रधानन्यायाधीश शर्मासहित न्यायाधीश र प्रहरीका उच्च अधिकारीसँगको संवाद तथा कारोबारका विवरण सार्वजनिक भएका छन् । सातजना न्यायाधीशले सामूहिक रूपमा सापकोटालाई भेटेको विषयसमेत बाहिरिएको छ । न्यायाधीश फुयाँलले सापकोटासँग भेटेको स्वीकार गर्दै आफू एक्लै नभई अन्य न्यायाधीशहरू पनि भेटमा सहभागी भएको बताएका छन् । सापकोटाले मुद्दा प्रभावित पार्न खोजेपछि आफूहरूले नै उजुरी दिएर पक्राउ गराएको उनको दाबी छ ।

प्रधानन्यायाधीश शर्माको नाम उल्लेख गरेर रकम जम्मा गर्न बैंक खाता विवरण पठाइएको र ह्वाट्सएपमा संवाद भएको विवरण पनि सार्वजनिक भएको छ । तर, त्यसको समय र विश्वसनीयतालाई लिएर रास्वपाभित्र प्रश्न उठेको छ ।

प्रधानन्यायाधीश शर्माले सर्वोच्च अदालतको फुलकोर्ट बैठक राखेर यस विषयमा छलफल गराइसकेका छन् । बहुमत न्यायाधीशले सर्वोच्च अदालतबाटै आन्तरिक छानबिन गरी सत्यतथ्य बाहिर ल्याउनुपर्ने सुझाव दिएका थिए ।

रास्वपाका एक पदाधिकारीका अनुसार तत्काल फुयाँलमाथि महाभियोगको प्रक्रिया अघि बढाएर त्यसक्रममा थप तथ्य खुले अरूलाई पनि नछाड्ने मत छ ।

उनका भनाइमा प्रधानन्यायाधीशको हकमा गम्भीर प्रमाण छैन । एक वर्षअघिको भनिएको विवरणमा को प्रधानन्यायाधीश हो भन्ने पनि खुल्दैन । भविष्यमा प्रमाण खुल्यो भने नजोगाउनेगरी अघि बढ्ने मत प्रकट भएको छ ।

रास्वपामा...

र संवाद भएको विषय सार्वजनिक भएको छ । यससँगै सत्तारुढ रास्वपाभित्र न्यायाधीशहरूमाथि महाभियोग लगाउने कि नलगाउने भन्ने विषयमा छलफलले तीव्रता पाएको हो । रास्वपा प्रवक्ता जगदीश खरेल न्यायालयसँग सम्बन्धित विषयलाई संसदमार्फत अघि बढाउनुपर्ने बताउँछन् ।

शनिबार बसेको पार्टी सचिवालय बैठकले पनि संसदीय दललाई यस विषयमा प्रक्रिया अघि बढाउन निर्देशन दिएको थियो । 'यदि हामीले समग्र न्याय क्षेत्रकै पुनर्संरचना गर्ने हो भने यसका लागि संवैधानिक बाटो संसद् नै हो,' खरेलले भनेका थिए, 'संसद्मार्फत यसको प्रक्रिया अघि बढाइनुपर्छ ।'

तर, संसदीय दलले यसबारे औपचारिक छलफल गरिसकेको छैन । संविधानको धारा १०१ को उपधारा २ मा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य तथा संवैधानिक निकायका प्रमुख वा पदाधिकारीविरुद्ध महाभियोग लगाउन सकिने व्यवस्था छ ।

जसअनुसार प्रतिनिधिसभाका तत्काल कायम सम्पूर्ण सदस्य संख्याको एकचौथाइले

रोमानियाले...

तथा प्राविधिक समस्याका कारण भर्ना प्रक्रियामा समस्या उत्पन्न हुने गरेको छ । यसबाट उक्त मुलुकका निर्माण, होटल तथा रेस्टुरेन्ट, उत्पादन र सेवा क्षेत्रका रोजगार दाता कम्पनीहरू प्रभावित भएका थिए ।त्यहाँ कार्यरत विदेशी कामदारहरूले रोजगारी र तलब पाउन संघर्ष गरिरहेको अवस्थामा नयाँ कामदार भित्र्याउँदा थप समस्या निम्तिन सक्ने बताएका छन् । उनीहरूले काम नपाउने र रोजगारदाता परिवर्तन गर्न कठिनाइ हुने गरेकाले भविष्य अनिश्चित बनेको भन्दै चिन्ता व्यक्त गर्ने गरेका छन् । हाल नेपालबाट संस्थागत रूपमा थोरै श्रमिक गए पनि व्यक्तिगत श्रम स्वीकृतिमा रोमानियासँगै बुल्गेरिया, माल्टा, क्रोएसिया, मोल्डोभा, पोर्चुगल, ग्रिस, सर्बिया, पोल्यान्ड, स्लोभेनिया, साइप्रस, बेलारुस र स्लोभाकियाजस्ता युरोपेली मुलुकमा नेपालीहरू कामका लागि गइरहेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाउँछ ।

सरकारप्रति आक्रामक गगन

मध्यान्ह संवाददाता
काठमाडौं, १५ कात्तिक

गत निर्वाचनको नयाँ जनादेशपछि रास्वपाले सरकार गठन गरेको सात महिना भयो । यो बीचमा सरकारप्रति नरम देखिएका प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापा आइतबार आक्रमक देखिए ।

सरकारको पछिल्ला गतिविधिमाथि प्रश्न उठाउँदै उनले त्यसको जवाफ खोजे । प्रहरीको कार्यशैली, अभिव्यक्ति स्वतन्त्रता, सरकारको जवाफदेहिता, अनुसन्धानको निष्पक्षता र राज्यका संस्थाहरूको स्वायत्ततामा आँच आएको उनले दाबी गरे । आफ्नो कार्यशैली सच्याउन आग्रह गरेका थापाले पाँच वर्षको जनादेशप्राप्त सरकारलाई प्रतिपक्ष र नागरिकलाई डर देखाएर शासन गर्ने छुट नहुने बताए ।

सरकारका पछिल्ला गतिविधिमा शक्ति र अधिकारको स्वेच्छाचारी प्रयोग देखिएको भन्दै सच्चिन चेतावनीसमेत दिए । पछिल्लोपटक सरकारले विभिन्न व्यक्ति तथा संस्थामाथि गैरकानुनी धडपकड गर्दै आएको छ । यस सन्दर्भमा रास्वपाभित्र समेत मतभेद छ । विज्ञहरूले समेत रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारप्रति जनताको भरोसा



टुट्दै गएको अवस्थामा सरकारलाई सच्याएर आगामी पाँच वर्ष सरकार चलाउनुपर्ने सुझाव दिएका छन् ।

गत निर्वाचनमा नरामोसँग हार व्यहोरेको कांग्रेस संसद्को प्रमुख प्रतिपक्षी दल हो । उसले प्रतिपक्षको भूमिका बलियोसँग ननिभाएको आलोचनासमेत सुरु भएको अवस्थामा सभापति थापा सरकारप्रति आक्रमक देखिएका हुन् ।

विशेषगरी सञ्चारमाध्यम र पत्रकारमाथि भएका गतिविधिले सरकारको अधिकार प्रयोग गर्ने शैली तथा अभिव्यक्ति स्वतन्त्रताप्रतिको दृष्टिकोणमाथि उनले प्रश्न उठाएका छन् ।

'केही सानो समूहले 'वी आर द स्टेट' भन्न थाले । शक्तिको स्वेच्छाचारी प्रयोग भयो । सरकारमा बसेका मान्छेहरूलाई आफ्नो इच्छा नै कानुन हो भन्न थालियो । यो प्रवृत्तिजस्तो देखियो । यसले हद नाघेको छ,' थापाले भनेका छन् । पत्रकारहरू पक्राउ परेर छुटेको घटनालाई त्यत्तिमै टुंग्याउन नहुने उनको तर्क छ । यो घटनाले सरकार र प्रहरीको अधिकार प्रयोग गर्ने तरिकामाथि गम्भीर प्रश्न उठाएको थापाले टिप्पणी गरे ।

सरकारका गलत गतिविधिबारे सत्तारूढ दल रास्वपाले वक्तव्य जारी गरेर मात्रै जिम्मेवारी पूरा नहुने थापाको भनाइ छ । यसअघि पनि सञ्चारमाध्यमको गेटमा गाडी पार्क गरिएको घटनामा रास्वपाले वक्तव्य जारी गरेको प्रसंग स्मरण गराउँदै त्यसपछि के कारबाही भयो भन्ने प्रश्न गरेका छन् । 'हामीलाई रास्वपाको वक्तव्य होइन, परिणाम चाहियो,' उनले भनेका छन् ।

सरकारले विभिन्न काण्ड तथा प्रकरणको अनुसन्धान गर्ने प्रतिबद्धता जनाए पनि त्यसको निष्पक्षतामाथि समेत थापाले प्रश्न उठाएका छन् । 'काण्ड र प्रकरणहरू सार्वजनिक भएका छन्, सबै केलाइयोस् । हाम्रो साथ-समर्थन रहन्छ । तर हाम्रो प्रश्न छ- अनुसन्धान निष्पक्ष हुन्छ ? सेलेक्टिभ भइरहेको छ । केही बाहिरिन्छ अनि पब्लिक प्रतिक्रिया के आउँछ भनेर हेरिन्छ । अनि कसरी निष्पक्ष हुन्छ ?' उनले भने । सरकारको ध्यान व्यक्तिकेन्द्रित शक्ति विस्तारभन्दा राज्यका संस्थाहरूको सुदृढीकरणमा हुनुपर्ने उनको भनाइ छ । 'बलियो सरकार भनेको प्रधानमन्त्री बलियो होइन, संस्थाहरू बलियो बनाउने हो,' थापाले भने । न्यायपालिका र संवैधानिक निकायको स्वतन्त्रता अक्षुण्ण राख्दै सरकारको ध्यान विपद् व्यवस्थापन र आर्थिक अवस्थातर्फ केन्द्रित हुनुपर्नेमा उनको जोड छ ।

क्वालालम्पुरको पेन्टहाउसमा 'मिनी क्यासिनो', एक नेपालीसहित १६ जना पक्राउ

तिलोचन गौतम/मध्यान्ह
क्वालालम्पुर, १५ कात्तिक

मलेसियाको राजधानी क्वालालम्पुरस्थित जालान अम्पाङ क्षेत्रमा रहेको एक होटलको पेन्टहाउसमा सञ्चालन भइरहेको भनिएको 'मिनी क्यासिनो'मा प्रहरीले छापा मार्दा एक नेपालीसहित १६ जना विदेशी नागरिक पक्राउ परेका छन् ।

मलेसियाली सञ्चारमाध्यम मलय मेलका अनुसार शनिबार बिहान १ बजेर ५० मिनेटमा प्रहरीले उक्त होटलको पेन्टहाउसमा छापा मारेको थियो ।

क्वालालम्पुर प्रहरी प्रमुख फादिल मार्सुसले प्रारम्भिक अनुसन्धानका क्रममा उक्त पेन्टहाउस नजिकका परिचित व्यक्तिहरूका लागि मात्र खुला रहने गरी मिनी क्यासिनोका रूपमा प्रयोग भइरहेको पाइएको बताएका छन् । उनका अनुसार त्यहाँ चिनियाँ नागरिकहरू मात्र सहभागी हुने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

प्रहरीले पक्राउ गरेका १६



जनामध्ये १५ जना चिनियाँ नागरिक रहेका छन्, जसमा एक महिला पनि छन् । पक्राउ पर्नेमा एक नेपाली नागरिकसमेत रहेको प्रहरीले जनाएको छ । पक्राउ परेका सबैको उमेर २६ देखि ५० वर्षसम्म रहेको छ । छापा मार्ने क्रममा प्रहरीले कुल ५ हजार १८० रिंगेट मूल्यका २१४ वटा पोकर चिप्स र १ हजार रिंगेट नगद बरामद गरेको छ ।

प्रहरीका अनुसार घटनाबारे अध्यागमन ऐन, साझा जुवा घर ऐन तथा सार्वजनिक सेवकको काममा अवरोध पुऱ्याएको कसुरमा फौजदारी संहिताको धारा १८६ अन्तर्गत अनुसन्धान भइरहेको छ ।

पक्राउ परेका व्यक्तिहरूलाई थप अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति माग्दै शनिबार नै मजिस्ट्रेट अदालतमा उपस्थित गराउने तयारी गरिएको प्रहरीले जनाएको छ । मलेसियामा अवैध जुवा तथा अनुमति बिना सञ्चालन हुने गतिविधिमाथि प्रहरीले निगरानी र कारबाही जारी राखेको छ ।

अकबरे खुर्सानीका बोट मर्न थालेपछि किसान चिन्तित

इलाम/मस-अकबरे खुर्सानीका बोटमा रोगको प्रकोप देखिएर फल लाग्ने र टिप्ने समयमा नै बोट मर्न थालेपछि इलामका किसान चिन्तित बनेका छन् । मुख्य उत्पादन दिने सिजनमै बोट पहेँलिने, हाँगा सुक्ने र फल डढेर कुहिने समस्या देखिएपछि व्यावसायिक खेती गर्दै आएका किसान मारमा परेका हुन् ।

माडसेबुङ गाउँपालिका-६ का किसान प्रदीप राईका अनुसार अकबरे खुर्सानीमा फल लाग्न थालेसँगै पात पहेँलिने, हाँगा सुक्ने र पूरै बोट मर्ने समस्या देखिएको छ । राम्रो आम्दानीको अपेक्षासहित खेती गरेका राईको बगानमा एकाएक रोग देखिएपछि अधिकांश बोट मर्न थालेका छन् ।

राईले विगत दुई वर्षदेखि व्यावसायिक रूपमा अकबरे खुर्सानीखेती गर्दै आएका छन् । अघिल्लो वर्ष खुर्सानी बिक्री गरेर तीन लाख ५० हजार रुपैयाँ आम्दानी गरेका उनले यस वर्ष आम्दानी बढाउने उद्देश्यले खेती विस्तार गरेका थिए । उनले दुई रोपनी क्षेत्रफलमा एक हजार ८०० बोट अकबरे खुर्सानी रोपेका थिए ।

तर, उत्पादन सुरु हुने समयमा नै फलको आधा भाग डढ्ने, कालो हुने र कुहिने समस्या देखिएपछि लगानीसमेत नउठ्ने अवस्था आएको उनले बताए । 'यस वर्ष उत्पादन बढाउने उद्देश्यले अकबरे खुर्सानीको खेती विस्तार गरेको थिएँ', उनले भने, 'तर बोट हुर्किएर फल लाग्न थालेपछि फलको आधा भाग डढ्ने, कालो हुने र कुहिने समस्या बढ्यो । यसले गर्दा सबै लगानी डुब्यो ।'

प्रदीपजस्तै व्यावसायिक रूपमा अकबरे खेती गरिरहेका अन्य किसानले पनि यस्तै समस्या भोगिरहेका छन् । अर्का किसान जीवन राईका अनुसार खुर्सानीको फलमा डढुवा लाग्ने, कीरा लाग्ने, बोट पहेँलिने र कुहिने समस्या देखिएको छ ।

'अकबरे खुर्सानीबाट राम्रो आम्दानी हुने आशाले अन्नबाली लगाउने बारीमा दुई हजार बोट खुर्सानी रोपेको थिएँ', उनले भने, 'तर फल लाग्ने समयमा रोगको प्रकोप देखिएपछि उत्पादन लिनै नपाई अधिकांश बोट नष्ट भए । मिहिनेत र लगानी दुवै खेर गएपछि अहिले के गर्ने भन्ने चिन्ता थपिएको छ ।' खुर्सानी पाक्ने र टिप्ने समयमा डढुवा लाग्ने, कीरा पर्ने र बोट सुक्नेजस्ता समस्या फैलिएपछि किसान समस्यामा परेको अर्की किसान कल्पना राईले बताइन् । उनका अनुसार रोगको संक्रमण सुरु भएको एक महिनामै बारीमा लगाइएको खुर्सानी पूर्ण रूपमा नष्ट भएको छ ।

विधेयकमा निःशुल्क र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न आग्रह

काठमाडौं/मस- संविधानले प्रत्याभूत गरेको निःशुल्क र गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गर्ने गरी विद्यालय शिक्षा विधेयक ल्याउनुपर्नेमा सांसद, नीति निर्माता, शिक्षाविद् तथा अधिकारकर्मीले जोड दिएका छन् ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपालको १७औं वार्षिक साधारणसभाका अवसरमा काठमाडौंमा आयोजित प्रस्तावित विद्यालय शिक्षा विधेयकमाथिको बहसमा सहभागी वक्ताहरूले सार्वजनिक शिक्षा राज्यको दायित्व हुनुपर्ने बताएका हुन् ।

उनीहरूले शैक्षिक सुसञ्चालनका लागि संघ, प्रदेश र स्थानीय तहको स्पष्ट अधिकार बाँडफाँट हुनुपर्ने तथा शिक्षामा पर्याप्त बजेट विनियोजन गर्नुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले विगतको तुलनामा शिक्षामा सुधार भए पनि पर्याप्त नभएको बताए । शिक्षाको गुणस्तर सुधारका लागि प्राप्त सुझावलाई नीति निर्माताले ग्रहण गर्नुपर्ने उल्लेख गर्दै उनले शिक्षामा बालमैत्री वातावरण, समावेशिता, विद्यालय सुरक्षा र न्यूनतम पूर्वाधारको उपलब्धता हुनुपर्नेमा जोड दिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य कुसुम महर्जनले शिक्षाको सुधार सबैको दायित्व हो भन्ने भावनाका साथ काम गर्न आग्रह गरिन् । सरकार र संसद्ले गर्नुपर्ने कामका लागि आफूहरूका तर्फबाट सक्दो सहजीकरण हुने प्रतिबद्धता व्यक्त गर्दै उनले विधेयकमा समावेश हुनुपर्ने विषयमा घनीभूत संवाद गर्न र सबैलाई न्यायको अनुभूति दिलाउन अपनाउनुपर्ने उपायबारे सुझाव दिन आग्रह गरिन् ।

नेपाली कांग्रेसबाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा. प्रमिलाकुमारी गच्छदारले शिक्षामा कुल बजेटको कम्तीमा २० प्रतिशत विनियोजन हुनुपर्ने बताइन् । साथै, सरोकारवाला पक्षले उठाएका विषयलाई विधेयकमा सम्बोधन गर्नुपर्ने उनको भनाइ थियो ।

नेकपा (एमाले) बाट निर्वाचित प्रतिनिधिसभा सदस्य गुरुप्रसाद बरालले सरकारले सही ढंगले विद्यालय शिक्षा विधेयक ल्याएमा त्यसलाई थप कार्यान्वयनमुखी बनाउन आफूहरूले प्रयास गर्ने बताए ।

एमालेबाटै निर्वाचित प्रतिनिधिसभा सदस्य साजिदा खातुन सिद्धिकीले विधेयक निर्माणमा कुनै बाहिरी पक्ष हाबी हुन नहुनेमा जोड दिँदै बालश्रमको स्पष्ट व्याख्या गर्न माग गरिन् । बागमती प्रदेशसभा सदस्य हरिप्रभा खड्गीले तीन तहबीचको अधिकार बाँडफाँटमा रहेको अन्योल हटाउनुपर्ने र नीति निर्माणमा कर्मचारीतन्त्र हाबी हुन नहुने बताइन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले नेपालको संविधानको मर्म र सरोकार भएका पक्षबाट प्राप्त सुझाव समेटेर विधेयक ल्याइने जानकारी दिए । सोही मन्त्रालयका पूर्वसचिव बालानन्द पौडेलले शिक्षाको नीतिगत पक्ष केन्द्र सरकारको र विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहको भएकाले त्यसलाई थप स्पष्ट गर्न सुझाव दिए ।

शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइरालाले हरेक स्थानीय तहले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्न सक्ने सुनिश्चितता विधेयकले गर्नुपर्ने बताए । शिक्षाविद् प्रा. डा. बालचन्द्र लुइँटेलले जनसांख्यिक अवस्थाको विश्लेषण गर्दै शिक्षामा स्रोतको पुनःव्याख्या गरे । नेपाल शिक्षक महासंघका अध्यक्ष सुन्दर पन्तले विद्यालय सुधारमा शिक्षकको कमजोरी मात्रै देख्ने सोचबाट माथि उठ्न आग्रह गर्दै विधेयकमा ट्रेड युनियन अधिकारको सम्मान हुनुपर्ने माग गरे । राष्ट्रिय अपांग महासंघका प्रवक्ता गिरिधारी सुवेदीले अपांगता भएका विद्यार्थीले सहज रूपमा पढ्न पाउने अधिकारको कार्यान्वयन हुनुपर्ने बताए ।

एनसिइ नेपालका अध्यक्ष लवराज ओलीले हालसम्म ४६ जिल्लामा सञ्जाल विस्तार भएको र ५५० सदस्य रहेको आफ्नो अभियानले सबै पक्षका सुझाव समेटेर सरकारलाई विद्यालय शिक्षा विधेयकबारे सुझाव दिने जानकारी दिए ।

कार्यक्रममा एनसिइ नेपालको उत्कृष्ट जिल्ला सञ्जालका रूपमा रुपन्देही जिल्ला समितिलाई सम्मान गरिएको थियो ।

नयाँ जातको धान नफलेपछि चिन्तामा किसान



चितवन/मस- गत वर्षसम्म राम्रो धान उत्पादन हुँदै आएका खेतमा यस वर्ष धानको बाला नलाग्ने र बाला लागे पनि दाना नपस्ने समस्या देखिएपछि चितवनको माडीका किसान चिन्तित बनेका छन् । नयाँ जातको धान लगाउँदा उत्पादनमा कमी आएपछि वर्षभरि खाने अन्न जुटाउनसमेत समस्या हुने चिन्ता किसानमा थपिएको छ ।

धानखेतीमा भएको क्षति र समस्याको समाधान खोज्दै किसान अहिले दिनहुँजसो माडी नगरपालिकाको कृषि शाखा पुग्ने गरेका छन् । माडी नगरपालिका-७, ६, ५ लगायतका क्षेत्रमा एग्रोभेटबाट बीउ किनेर लगाइएको 'बायोसीड २०१' जातको धानमा यस्तो समस्या देखिएको हो । उक्त धानमा विभिन्न रोग देखिनुका साथै बाला नलाग्ने, बाला लागे पनि सानो हुने र दाना नलागी खोक्रा बाला (टाटला) मात्रै रहने समस्या देखिएको छ । यसका कारण किसानले अपेक्षित उत्पादन लिन सकेका छैनन् ।

माडी नगरपालिका कृषि शाखाका अनुसार उक्त जातको धानमा वनस्पतिक अवस्थामा मरुवा (ब्लास्ट) र खैरो थोप्ले रोग देखिएको थियो। रोग नियन्त्रणका लागि कृषि शाखा तथा स्थानीय एग्रोभेटको सल्लाहमा विषादी प्रयोग गरे पनि समस्या नियन्त्रण हुन नसकेको कृषि शाखा प्रमुख सुरेश सिँखडाले बताए ।

उनका अनुसार पछि धान पसाउने र बाला लाग्ने समयमा समेत बाला नलाग्ने तथा दाना नपस्ने समस्या देखिएको हो । किसानको गुनासोपछि गरिएको स्थलगत अनुगमनमा उक्त जातको धानमा बाला नलागेको तथा बाला लागेका खेतमा पनि घाँटी मरुवा, खैरो थोप्ले र मर्चट ब्लाइटजस्ता रोग व्यापक मात्रामा देखिएको उनले जानकारी दिए ।

स्थानीय एग्रोभेटसँग कुराकानी गर्दा माडी क्षेत्रमा उक्त जातको करिब तीन हजार किलो बीउ बिक्रीवितरण भएको र करिब १०० हेक्टर क्षेत्रफलमा खेती गरिएको पाइएको कृषि शाखाले जनाएको छ । बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको पञ्जीकरण विवरणअनुसार उक्त धान १२९ दिनमा पाक्ने उल्लेख छ । असार १५ देखि असार मसान्तसम्म रोपिएको धानमा असोज मसान्तसम्म पनि धेरै किसानको खेतमा बाला ननिस्किएपछि बीउको गुणस्तरमाथि प्रश्न उठेको कृषि शाखा प्रमुख सिँखडाले बताए । उक्त धान लगाएका अधिकांश किसानको खेतमा समान प्रकृतिको समस्या देखिएकाले बीउमै कैफियत हुन सक्ने आशङ्का गरिएको उनको भनाइ छ । समस्याबारे कृषि शाखाले कृषि विकास कार्यालय, भरतपुर र प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी गराएको छ । केन्द्रबाट प्रभावित क्षेत्रको स्थलगत निरीक्षणसमेत भएको छ । अहिले कृषि शाखाले किसानबाट क्षतिको विवरण संकलन गरिरहेको छ भने बीउ कम्पनीका प्रतिनिधिलाई बोलाएर क्षतिलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा छलफल भइरहेको सिँखडाले बताए ।

सिक्टा र बबई आयोजनाबाट थप १५० हेक्टर जमिनमा सिँचाइ सुविधा

काठमाडौं/मस- राष्ट्रिय गौरवका सिक्टा र बबई सिँचाइ आयोजनाले थप १५० हेक्टर जमिनमा सतह सिँचाइ सुविधा पुऱ्याएका छन् ।

जलस्रोत तथा सिँचाइ विभागका अनुसार बाँकेको सिक्टा सिँचाइ आयोजनाले थप १०० हेक्टर र बर्दियाको बबई सिँचाइ आयोजनाले थप ५० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरेका हुन् ।

सिक्टा आयोजनाले ५४ करोड तीन लाख रुपैयाँ लागत अनुमानका चारवटा बोलपत्र आह्वान गरिसकेको छ । आगामी पुस मसान्तसम्म दुई अर्ब ४८ करोड ३० लाख रुपैयाँ बराबरका १७ वटा बोलपत्र आह्वान गर्ने र थप ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य आयोजनाले राखेको छ ।

त्यस्तै, बबई सिँचाइ आयोजनाले पनि आगामी पुस मसान्तसम्म थप ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिएको विभागका सूचना अधिकारी रामप्रसाद पौडेलले बताए ।

रानी जमरा आयोजनाको भौतिक प्रगति १५ प्रतिशत

विभागका अनुसार कैलालीको टीकापुरस्थित रानी जमरा कुलरिया सिँचाइ आयोजनाले एक अर्ब ३३ करोड ३५ लाख रुपैयाँ लागत अनुमानका ६ वटा बोलपत्र आह्वान गरेको छ । आयोजनाको भौतिक प्रगति साउनमा आठ प्रतिशत रहेकामा भदौ मसान्तसम्म १५ प्रतिशत पुगेको छ । त्यसैगरी, वित्तीय प्रगति पनि सोही अवधिमा ५.२५ प्रतिशतबाट बढेर ११.४३ प्रतिशत पुगेको छ ।

आयोजनाले आगामी पुस मसान्तसम्म दुई अर्ब ३० करोड रुपैयाँ बराबरका १२ वटा बोलपत्र आह्वान गर्ने, १.५ किलोमिटर तटबन्ध निर्माण गर्ने र १६० हेक्टर जग्गा उकास गर्ने लक्ष्य राखेको छ ।

यसैगरी, भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाले भदौ मसान्तसम्म ३.४ प्रतिशत भौतिक र ३.४९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । आयोजनाले आगामी पुस मसान्तसम्म ६१ करोड रुपैयाँ बराबरका चारवटा बोलपत्र आह्वान गर्ने योजना बनाएको छ । सुनकोशी मरिन डाइभर्सन आयोजनाले भने आगामी पुस मसान्तसम्म ९७ हेक्टर जमिनमा लिफ्ट सिँचाइ सुविधा पुऱ्याउने र ६.१८ किलोमिटर तटबन्ध निर्माण गर्ने लक्ष्य राखेको विभागले जनाएको छ ।

VACANCY ANNOUNCEMENT
यस स्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
☑ DOCUMENTATION - (2 M/F)
Requirement
- Minimum 2+ years Experienced in related fields.
- Computer skills, English & Nepali typing.
Salary: As Per Company Norms & Mutual Understanding
Interested candidate can send their CV at sundarnpo@gmail.com
Sundar Nepal Overseas Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal
Contact No : 9851017680, 9851231399

युएईमा रोजगार
कम्पनी: ARUN VALLEY BUILDINGS MAINTENANCE AND CLEANING SERVICES L.L.C
पूर्व स्वीकृत मिति: २०८२/०१/०५ चलानी नं.: ६०२३६४६२ L.T. No.: 322259
शहर: UAE पुल विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	सप्ताहमा काम गर्ने दिन	वार्षिक बिदा	खाना बस्ने सुविधा	करार अवधि
1.	TILE LAYER	54	0	स. कामका दक्ष	1200	४५,५४८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २३ गते (9 November 2026) मा हुनेछ ।

स्वीकृत भर्ने मेडिकलको शुल्क व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वीकृत भरि गएपछि फिर्ता हुने/नहुने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निषेध शुल्क कसले व्यहोर्ने	निषेध स्टयाम्पीड शुल्क कसले व्यहोर्ने	अभिसूचीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कन्सुलाणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,७०० कामदारले	रु. १०,००० कामदारले

नेपालिक रोजगार विभेजबाट मनपरुको जानकारी :- १. आफ्नो नामका निसा छाप भईजाने निर्दिष्ट भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ्नु काम गर्ने ठाउने भुक्तानमा रहेको मेडासी कुटनीतिक मिसनको सम्पर्क ठेगाना र फोन नं: हर सामान राख्नु होला । आफ्नु अधिकारीका यहाँ सम्पर्क गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माँग्दैनौं । ४. विज्ञप्त जारु अवधि अनिवार्यरुपमा यो प्रकाशनका मितिमा पूर्ण हुने । ५. विज्ञप्त जारु अवधि आगाडु आफ्नु छानै सुरक्षा, काम दिने कम्पनी, भरपाई गरेका तथा सुविधा र अन्य आवश्यक रहकोले थप मात्र सम्पनीका चाखा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विज्ञप्त जारी गरेकाले विभाजनका प्रयोजन गर्नु होला, अन्यथा ठगिने सम्पनाका हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही कुराहरुका विभिन्न, सहायताका लागि गर्नु होला ।

TEAMPRO
TEAMPRO H.R. Services Pvt Ltd
P.O. Box:19845 | Halesi Marg, Mandikatar, Budhanilkantha -8, Kathmandu
Phone: 01-4372222, 9851056928, Dhurba khatri Contact no : 9851005822, E-mail: teamprohrs@gmail.com

हकदावी सम्बन्धी ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०९/१० मा दर्ता भएको दर्ता नं. ३७४८३ को योकमेट सेक्यूरिटि सर्भिसेस प्रा. लि. को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७५४

VACANCY ANNOUNCEMENT
One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.
☑ DOCUMENTATION 4 PAX, SALARY: 30,000-40,000,
☑ ACCOUNTANT 2 PAX, SALARY: 25,000-40,000,
EXPERIENCE: MIN 3-4 YEARS IN RELATE FIELD
☑ RECEPTIONIST 2 PAX, SALARY: 20,000
☑ PUBLIC RELATION OFFICER 6 PAX, SALARY: 20,000-25,000
Send CV at info@powersupport.com.np
POWER SUPPORT EMPLOYMENT PVT.LTD.
chappal karkhana-04, Kathmandu, Nepal
Contact No : 9849394433, 9851062224
License No: 1710/081/082

VACANCY ANNOUNCEMENT
यस स्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
☑ Public Relation Officer (PRO) - (5 Male/Female)
- Experienced in related fields.
- Must have knowledge of operating computers and speaking English.
Salary Negotiable
LAXMI RECRUITMENT SERVICE PVT. LTD.
9 Battisputali Rd, Kathmandu, Nepal
Contact No : +977 976-6911871, 9803846458, 9860306209
Govt License no : 1782/082/083

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

प्रेसमाथि राज्यआतंक

विभिन्न सञ्चारगृहमा कात्तिक १३ गते शुक्रबार भएको प्रहरी प्रवेश र पत्रकार पक्राउको घटनाले सरकारको स्वतन्त्र प्रेसप्रतिको प्रतिबद्धतामा गम्भीर प्रश्न उठाएको छ। फरक-फरक सञ्चारमाध्यममा प्रकाशित समाचारलाई लिएर भएको कारबाहीले सरकार आलोचनाप्रति असहिष्णु छ भन्ने देखाएको छ। समाचारको विषयवस्तु गलत भए त्यसको प्रतिवाद गर्ने, खण्डन गर्ने र कानुनी उपचार खोज्ने बाटा खुला छन्। पत्रकारितालाई नियमन गर्ने संस्था पनि छन्। तर, ती सबै प्रक्रिया छाडेर प्रहरी परिचालन गर्नु राज्यशक्तिको अनुचित प्रयोग हो।

सत्तामा पुग्नु र सत्ता चलाउन जान्नु फरक कुरा हुन्। जनताको मतबाट बनेको सरकारले आलोचना सुन्ने, प्रश्नको सामना गर्ने र आफ्ना निर्णयको औचित्य पुष्टि गर्ने साहस राख्नुपर्छ। तर, आफूलाई असहज लाग्ने समाचार प्रकाशन हुँदा सञ्चारगृहमा प्रहरी पठाउने र पत्रकारलाई नियन्त्रणमा लिने अभ्यास देखिनु लोकतान्त्रिक सरकारको चरित्रसँग मेल खाँदैन। पत्रकारले पनि आफ्नो पेसागत मर्यादा, तथ्य र कानुनको सीमा पालना गर्नुपर्छ। गलत समाचार प्रकाशन भए त्यसको जिम्मेवारी लिनुपर्छ। तर, गल्ती भएको दाबी गर्ने पक्षले पनि स्थापित कानुनी प्रक्रिया अपनाउनुपर्छ। राज्यका निकायले नै प्रक्रिया मिचेर कारबाही गर्छन् भने नागरिकले न्याय र विधिको शासनमाथि कसरी भरोसा गर्ने ? प्रधानमन्त्रीको सचिवालयले घटनामा आफ्नो संलग्नता नरहेको र पत्रकार रिहाइका लागि निर्देशन दिएको जनाएको छ। साथसाथै, प्रधानमन्त्रीकै सल्लाहकारबाट प्रहरीलाई पत्रकार पक्राउ गर्न सूची दिइएको सूचना पनि बाहिरिएको छ। यसले प्रधानमन्त्रीको सचिवालयले समानान्तर सत्ता चलाइरहेको आरोपलाई बल पुगेको छ।

घटनालगत्तै, सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीले प्रेस स्वतन्त्रताको पक्षमा व्यक्त गरेको प्रतिबद्धता र उसको नेतृत्वमा रहेको सरकारको व्यवहारबीच ठुलो अन्तर देखिएको छ। सरकारका कामकारबाहीप्रति पार्टीको राजनीतिक जिम्मेवारी रहन्छ। त्यसैले यो विषयलाई प्रहरी प्रशासनको आन्तरिक मामिला भनेर पन्छिन मिल्दैन।

पूर्ण प्रेस स्वतन्त्रता सरकारको सुविधा होइन, नागरिकको अधिकार हो। नेपालको संविधानले नै त्यसको सुनिश्चित गरेको छ। पत्रकारले निर्भय भएर प्रश्न गर्न नसक्ने समाजमा सार्वजनिक निकायको निगरानी कमजोर हुन्छ र नागरिकको सूचनाको हकसमेत प्रभावित हुन्छ। आज एउटा समाचारका कारण पत्रकारलाई तर्साउने अभ्यास स्वीकार गरियो भने भोलि अर्को असहज प्रश्न गर्ने नागरिक वा संस्थाले पनि त्यस्तै दबाब सामना गर्नुपर्ने अवस्था आउन सक्छ। त्यसैले सरकारले घटनाको निष्पक्ष छानबिन गरी प्रहरी परिचालनको आदेश, कानुनी आधार र जिम्मेवार व्यक्तिबारे सार्वजनिक जानकारी दिनुपर्छ। संसद् र राजनीतिक दलहरूले पनि यसलाई दलीय आरोप-प्रत्यारोपमा सीमित नगरी संस्थागत जवाफदेहिताको विषय बनाउनुपर्छ। लोकतन्त्रको शक्ति प्रश्न रोक्न सक्ने क्षमतामा होइन, प्रश्नको सामना गर्न सक्ने संस्कारमा हुन्छ।

समाजवादको अधुरो यात्रा

नेपालको संविधानले समाजवादउन्मुख राज्यको परिकल्पना गरेको छ । राजनीतिक दलहरूले पनि समाजवादलाई आफ्नो प्रमुख लक्ष्य बताउँदै आएका छन् । तर नागरिकको जीवनमा त्यसको अनुभूति हुन सकेको छैन । रोजगारी, उत्पादन, सामाजिक न्याय र सार्वजनिक सेवामा अपेक्षित सुधार नहुँदा समाजवादको प्रतिबद्धता नारामै सीमित भएको प्रश्न उठेको छ ।

अग्रलेख



● भुपेन्द्र थापा 'माधव'

नेपालको राजनीतिमा समाजवाद एउटा यस्तो गन्तव्य बनेको छ, जहाँ पुग्ने प्रतिबद्धता सबैले व्यक्त गर्छन्, तर त्यहाँ पुग्ने बाटो स्पष्ट पार्ने जिम्मेवारी कसैले लिँदैन । निर्वाचनका बेला समाजवादको रेल तीव्र गतिमा दौडिन्छ । घोषणापत्रमा समानता, न्याय र समृद्धिका सपना सजाइन्छन् । भाषणमा गरिबका आँसु पुछ्ने वाचा गरिन्छ । तर निर्वाचन सकिएपछि रेलको गति सुस्ताउँछ र जनताको गन्तव्य फेरि अर्को निर्वाचनसम्मका लागि सारिन्छ ।

प्रश्न केवल समाजवादको रेल कहाँ पुग्यो भन्ने होइन । रेल चलाउने जिम्मेवारी पाएकाहरूले बाटो बिराए कि बिराएनन्, यात्रु बनेका जनताले आफ्नो गन्तव्य चिन्न सके कि सकेनन् र व्यवस्था परिवर्तनपछि पनि नागरिकको जीवनमा अपेक्षित रूपान्तरण किन आएन भन्ने हो ।

समाजवादको वास्तविक दूरी संविधानका अक्षर र नागरिकको जीवनबीच नापिन्छ, नेताका भाषणमा होइन ।



शासनको चरित्र

नेपालको राजनीतिक इतिहास जनताको त्याग, संघर्ष र परिवर्तनको आकांक्षाले भरिएको छ । २००७ सालको परिवर्तन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन र गणतान्त्रिक रूपान्तरणले देशलाई नयाँ राजनीतिक मोडमा पुऱ्याए । नागरिक अधिकारको विस्तार, राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना ऐतिहासिक उपलब्धि हुन् ।

२०७२ सालको संविधानको धारा ४ ले नेपाललाई समाजवादउन्मुख राज्यका रूपमा परिभाषित गरेको छ । संविधानले आर्थिक विकासका उपलब्धिको न्यायोचित वितरण र शोषणरहित समाज निर्माणको परिकल्पना पनि गरेको छ । तर समाजवादउन्मुख राज्यको संवैधानिक संकल्प र समाजवादी चरित्रको व्यावहारिक कार्यान्वयन एउटै कुरा होइनन् ।

राजनीतिक व्यवस्था बदलियो, नेतृत्वका अनुहार फेरिए र शासन सञ्चालनका संरचना विस्तार भए । तथापि सार्वजनिक सेवाको गुणस्तर, अवसरमा समान पहुँच, सुशासन र जवाफदेहितामा अपेक्षित सुधार ल्याउने चुनौती अझै बाँकी छ ।

परिवर्तन व्यर्थ भएको होइन, त्यसको प्रतिफल प्रत्येक नागरिकसम्म पुऱ्याउने काम अधुरो रहेको हो । लोकतन्त्रले जनतालाई शासक छान्ने अधिकार दिन्छ । तर त्यो अधिकारलाई सम्मानजनक जीवन र आर्थिक सुरक्षासँग जोड्न नसके राजनीतिक उपलब्धिले पूर्णता पाउँदैन ।

सत्ताको राजनीति

समाजवादको आधार सामाजिक न्याय हो, सत्तामा पहुँच भएका व्यक्तिको सुविधा होइन । यसको मर्म श्रमको सम्मान, अवसरको न्यायोचित वितरण, सार्वजनिक स्रोतको सदुपयोग र आर्थिक रूपमा कमजोर नागरिकको संरक्षणमा निहित छ । तर नेपाली राजनीतिमा सिद्धान्तभन्दा सत्ता समीकरण, विचारभन्दा पदको बाँडफाँट र सार्वजनिक हितभन्दा गुटगत स्वार्थ प्रभावशाली बन्ने प्रवृत्ति देखिन्छ । दलहरूबीच प्रतिस्पर्धा जनजीवन सुधार्ने नीति र कार्यक्षमतामा हुनुपर्ने हो । व्यवहारमा भने सत्ता प्राप्ति र त्यसको संरक्षणको गणितले प्राथमिकता पाउने गरेको छ ।

समाजवादको नाम लिने दलले आफ्नै व्यवहारमा कति समानता कायम गरेका छन् ? नेतृत्व चयनमा लोकतान्त्रिक अभ्यासलाई कति महत्त्व दिएका छन् ? सार्वजनिक पदलाई सेवाको जिम्मेवारी बनाएका छन् कि व्यक्तिगत प्रभाव विस्तार गर्ने माध्यम ? यी प्रश्नबाट कुनै दल उम्कन सक्दैन ।

दलको नाममा समाजवाद लेख्दैमा राजनीतिक चरित्र समाजवादी हुँदैन । गरिबको पक्षमा भाषण गर्दैमा गरिबी घट्दैन । समाजवादको दाबी गर्ने नेतृत्वले आफ्नो आचरण, नीति र कार्यसम्पादनबाट त्यसको प्रमाण दिनुपर्छ । अन्यथा समाजवाद जनमत आकर्षित गर्ने राजनीतिक आवरणमा मात्र सीमित हुन्छ ।

अर्थतन्त्र : समाजवादको परीक्षा

राजनीतिक स्वतन्त्रता र सामाजिक न्यायलाई आर्थिक आधारबिना दिगो बनाउन सकिँदैन । नागरिकले काम गर्ने अवसर पाएनन्, श्रमको उचित मूल्य पाएनन् र सामान्य बिरामी हुँदा उपचारको खर्च जुटाउन सकेनन् भने राज्यको समृद्धिसम्बन्धी दाबीमाथि प्रश्न उठ्नु स्वाभाविक हो । नेपालले शिक्षा, स्वास्थ्य, सडक र सञ्चारमा प्रगति गरेको छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले लाखौं परिवारको जीवन धानेको छ । तर विप्रेषणमाथिको उच्च निर्भरताले स्वदेशमै पर्याप्त उत्पादन र रोजगारी सिर्जना गर्नुपर्ने चुनौती पनि देखाउँछ ।

विश्व बैंकको अक्टोबर २०२६ को नेपाल विकास अद्यावधिकअनुसार आर्थिक वर्ष २०२५/२६ मा नेपालको वास्तविक आर्थिक वृद्धिदर ३.९ प्रतिशत रह्यो । सोही वर्ष विप्रेषण कुल गार्हस्थ उत्पादनको ३५.८ प्रतिशत पुगेको थियो । बाढीबाट भएको क्षतिसमेतका कारण आर्थिक वर्ष २०२६/२७ मा वृद्धिदर ३.७ प्रतिशत रहने विश्व बैंकको प्रक्षेपण छ ।

यी तथ्यले अर्थतन्त्रको अवस्थासँगै उत्पादन र रोजगारीको आधार बलियो बनाउनुपर्ने आवश्यकता पनि औंल्याउँछन् । युवाशक्ति देशको सम्भावना हो । तर रोजगारी र भविष्यको खोजीमा त्यही शक्ति बिदेसिन बाध्य हुन्छ भने राज्यले त्यसलाई व्यक्तिगत रोजाइको विषय मात्र मानेर उम्कन मिल्दैन । बाँझिँदै गएका खेत, उत्पादनको उचित मूल्य नपाएका किसान र योग्यताअनुसारको काम नपाएका युवाका समस्या एउटै प्रश्नसँग जोडिएका छन्- देशभित्र अवसर किन पर्याप्त छैन ? विप्रेषणले परिवारको चुलो बाल्छ, तर त्यसैले मात्र उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्दैन । कृषिको आधुनिकीकरण, स्वदेशी उद्योगको विस्तार, पर्यटन, जलविद्युत् र प्रविधिमा आधारित उद्यमशीलतामार्फत रोजगारी सिर्जना गर्नुपर्छ। यसका लागि नीतिगत स्थिरता, पारदर्शी प्रशासन र लगानीमैत्री वातावरण आवश्यक हुन्छ ।

समाजवादको सार सबैलाई राज्यको मुख ताक्ने बनाउनु होइन, राज्यले कसैलाई अवसरबाट वञ्चित हुन नदिने आधार निर्माण गर्नु हो ।

परिवर्तनको निर्णायक शक्ति

राजनीतिक नेतृत्वको कमजोरी औंल्याउनु आवश्यक छ । तर नागरिकको भूमिकालाई बेवास्ता गरेर राजनीतिक संस्कार परिवर्तन हुन सक्दैन । लोकतन्त्रमा नागरिक पाँच वर्षमा एकपटक मत खसाल्ने व्यक्ति मात्र होइनन्, राज्यलाई निरन्तर जवाफदेही बनाउने शक्ति हुन् । हामी उम्मेदवार छान्दा उसको सार्वजनिक काम, इमानदारी र नीतिगत क्षमता हेर्छौं कि व्यक्तिगत सम्बन्ध र दलगत आग्रहबाट प्रभावित हुन्छौं ? आफ्ना पक्षका नेताले गल्ती गर्दा पनि प्रश्न गर्छौं कि विपक्षीको कमजोरीमा मात्र आवाज उठाउँछौं ?

यी प्रश्नले हाम्रो राजनीतिक चेतनाको स्तर देखाउँछन् । नागरिकले नेतालाई प्रश्न गर्न छाडेपछि राजनीति उत्तरदायित्वबाट मुक्त हुन थाल्छ। आलोचनात्मक चेतना कमजोर हुँदा विचारको ठाउँमा अन्धसमर्थन र सार्वजनिक हितको ठाउँमा दलगत आग्रह हावी हुन सक्छ। सचेत नागरिक हुनु भनेको सबै दललाई अस्वीकार गर्नु होइन, राम्रो कामको समर्थन र गलत कामको विरोध गर्ने विवेक राख्नु हो । राजनीतिक नेतृत्वले प्रश्न गर्ने अधिकारको सम्मान गर्नुपर्छ र नागरिकले पनि आफ्नो मतलाई सार्वजनिक जिम्मेवारीका रूपमा बुझ्नुपर्छ ।

भविष्यको गन्तव्य

नेपालको भविष्य निराशामा सीमित छैन । प्राकृतिक स्रोत, युवा जनशक्ति र उद्यमशीलताको सम्भावना पर्याप्त छन् । चुनौती सम्भावना नहुनु होइन, त्यसलाई जनताको हितमा परिचालन गर्न नसक्नु हो । अब समाजवादको बहस नाराबाट नीतिमा र नीतिबाट परिणाममा रूपान्तरण हुनुपर्छ। सार्वजनिक शिक्षा र स्वास्थ्यको गुणस्तर सुधारिनुपर्छ। किसानले उत्पादनको उचित मूल्य पाउनुपर्छ, श्रमिकको अधिकार सुरक्षित हुनुपर्छ र युवाले स्वदेशमै सम्मानजनक रोजगारीको सम्भावना देख्नुपर्छ ।

भ्रष्टाचार नियन्त्रण र दण्डहीनताको अन्त्य राजनीतिक प्रतिद्वन्द्वीलाई कमजोर बनाउने हतियार होइन, कानुन सबैमाथि समान रूपमा लागू गर्ने प्रतिबद्धता हुनुपर्छ । संघीयता पद र संरचना विस्तारमा सीमित नभई नागरिकको नजिक प्रभावकारी सेवा पुऱ्याउने माध्यम बन्नुपर्छ ।

राजनीतिक दलहरूले आफ्ना प्रतिबद्धताको सार्वजनिक लेखाजोखा गर्ने संस्कार विकास गर्नुपर्छ । समाजवादको प्रगति भाषणको संख्याले होइन, नागरिकको जीवनस्तर, रोजगारी, आर्थिक असमानता र सार्वजनिक सेवामा आएको सुधारले मापन गरिनुपर्छ ।

समाजवादको रेल कहाँ पुग्यो भन्ने प्रश्नको उत्तर नेताको भाषणमा होइन, किसानको खेतमा, श्रमिकको पारिश्रमिकमा, बिरामीको उपचारमा, युवाको रोजगारीमा र न्याय खोजिरहेको नागरिकको अनुभवमा भेटिन्छ ।

नेपालले राजनीतिक परिवर्तनका अनेक कठिन मोड पार गरेको छ । अबको चुनौती अर्को नारा खोज्नु मात्र होइन, प्राप्त उपलब्धिलाई इमानदार शासन, न्यायपूर्ण अर्थतन्त्र र उत्तरदायी राजनीतिक संस्कारमार्फत सार्थक बनाउनु हो ।

रेलका चालक फेरिएर मात्र गन्तव्य बदलिँदैन । दिशा, नीति र यात्राप्रतिको प्रतिबद्धता पनि बदलिनुपर्छ । नेतृत्वले सत्ता होइन, सेवा रोज्नुपर्छ, नागरिकले अन्धसमर्थन होइन, विवेक रोज्नुपर्छ, राज्यले पहुँचवालाको सुविधा होइन, न्यायपूर्ण अवसर सुनिश्चित गर्नुपर्छ ।

जुन दिन नेपाली नागरिकले सम्मानपूर्वक बाँच्न, स्वदेशमै श्रमको मूल्य पाउन र न्यायका लागि शक्तिशालीको ढोका ढकढक्याउन नपर्ने अवस्था अनुभव गर्नेछन्, त्यही दिन समाजवादको रेल गन्तव्यतर्फ पुगेको मानिनेछ । अहिलेलाई प्रश्न बाँकी नै छ- रेलको नाम समाजवाद राखेर मात्र पुगछ, कि यसपटक साँच्चै जनताको गन्तव्यसम्म पुऱ्याउने साहस पनि गरिन्छ ?

नेपालीका लागि अंग्रेजी सिकाइ

शिक्षा



● प्रभुल रविन्द्रन

नेपालका धेरै युवाहरू उच्च शिक्षा, रोजगारीका अवसर र विश्वव्यापी अनुभवका लागि विदेश जान चाहन्छन् । विदेशमा अध्ययन गर्न केवल काठमाडौंका विद्यार्थी मात्रै नभई विभिन्न क्षेत्रीय केन्द्रहरूबाट पनि जाने गरेका छन् ।

अस्ट्रेलिया, क्यानडा, बेलायत र अमेरिकाजस्ता मुलुकमा जाने नेपाली विद्यार्थी धेरै छन् । यसका लागि अंग्रेजी भाषाको राम्रो ज्ञान आवश्य पर्दछ । विद्यार्थी र उनका परिवारका लागि अंग्रेजी भाषाको दक्षता, परीक्षामा पहुँच र समयमै प्राप्त हुने मार्गदर्शन अझ बढी महत्त्वपूर्ण मानिन्छ ।

काठमाडौंबाहिरका विद्यार्थीका लागि विश्वसनीय परीक्षा केन्द्रहरू, तयारी सामाग्री र स्पष्ट मार्गनिर्देशनले उनीहरूको आवेदन प्रक्रियामा समेत सहजता ल्याउँछ । विश्वविद्यालयको समय-सीमा, भिसाका आवश्यक कागजातहरू, आर्थिक व्यवस्थापन र अंग्रेजी परीक्षाका नतिजाहरू सबै छोटो समयभित्रै जुटाउनुपर्ने हुन्छ । यसको पहिलो र महत्त्वपूर्ण चरण नै अंग्रेजी भाषाको दक्षता प्रमाणित गर्नु हो । विद्यार्थीले विश्वविद्यालयमा आवेदन दिँदा, भिसाका कागजात तयार पार्दा वा छात्रवृत्तिको लक्ष्य राख्दा, जुनसुकै अवस्थामा पनि विश्वसनीय अंग्रेजी परीक्षाले सहयोग गर्छ । उनीहरूको योग्यताले भर्ना तथा भिसासम्बन्धी निर्णय गर्नसमेत योगदान गर्दछ । त्यसमा पियर्सन टेस्ट अफ इंग्लिस (पिटिई) एकेडेमिकजस्ता परीक्षाहरूले विद्यार्थीहरूलाई छिटो र बढी आत्मविश्वास बढाउन सहयोग गर्दै आएका छन् । पिटिई एकेडेमी विश्वव्यापी मान्यता प्राप्त छ ।

गति र लचिलोपन महत्त्वपूर्ण

नेपाली विद्यार्थीका लागि गति र लचिलोपन सबैभन्दा महत्त्वपूर्ण हुन्छ । विदेशमा अध्ययनका लागि गरिने आवेदन प्रक्रियामा छोटो समयभित्रै विश्वविद्यालयको आवेदन, छात्रवृत्तिका फारम, भिसासम्बन्धी कागजात र अंग्रेजी भाषा परीक्षाको नतिजा बुझाउनुपर्ने हुन सक्छ । जब परीक्षा अवसर सीमित हुन्छन्, या विद्यार्थीले विभिन्न क्षेत्रबाट लामो यात्रा गर्नुपर्ने हुन्छ, यसले विद्यार्थी र अभिभावकलाई बढी तनावमा पार्न सक्छ ।

सोही आवश्यकतालाई ध्यानमा राख्दै पिटिई एकेडमिकलाई डिजाइन गरिएको हो । विद्यार्थीहरूले आफूले चाहेको मिति नजिकै पर्ने गरी परीक्षाको समय लिन सक्छन् । पिटिई एकेडमिकबाट सामान्यतया ४८ घण्टाभित्रै नतिजा पाउन सक्छन् । यो परीक्षा दुई घण्टाको एउटै सत्रमा सम्पन्न हुन्छ। यसमा बोल्ने, लेख्ने, पढ्ने तथा सुन्ने योग्यताहरू समावेश हुन्छन् । छोटो समयसीमाभित्र काम पूरा गर्नुपर्ने विद्यार्थीका लागि यो निकै फलदायी हुनेछ ।



भाषाको सही प्रयोग

विदेशमा अध्ययनका लागि अंग्रेजी भाषाको तयारी भनेको कुनै परीक्षाको तयारी गर्नु मात्र होइन । यो त वास्तविक शैक्षिक वातावरणको कुरा बुझ्ने, प्रतिक्रिया दिने, सहभागी हुने र आत्मविश्वास विकास गर्ने माध्याम हो । विद्यार्थीहरूले व्याख्यान बुझ्नु, कक्षा छलफलमा भाग लिनु, असाइनमेन्ट लेख्नु र दैनिक परिस्थितिहरूमा स्पष्ट रूपमा कुराकानी गर्नु आवश्यक छ । राम्रो अंग्रेजी परीक्षाबाट विद्यार्थीले वास्तविक जीवनमा भाषाको सही प्रयोग गर्न सक्छ ।

उच्चारण शैलीमा निष्पक्ष अंकन

प्रत्येक विद्यार्थीको अंग्रेजी क्षमताको मूल्यांकन उनीहरूको उच्चारण शैली, पृष्ठभूमिका आधारमा निष्पक्ष गरिनुपर्छ । यो विशेष गरी नेपालजस्ता देशका विद्यार्थीका लागि महत्त्वपूर्ण छ । जहाँ अंग्रेजी सिक्नेहरूले विभिन्न स्थानीय उच्चारण शैलीमा अंग्रेजी बोल्न सक्छन् । पिटिईले परीक्षणहरूको नतिजा वा अंक निर्धारण गर्न 'मेसिन लर्निङ'को प्रयोग गर्छ । जसले एक रूपता कायम राख्छ । यसको अंकन प्रणालीलाई विश्वभरका विभिन्न प्रकारका आवाज र बोल्ने शैलीहरूको आधारमा प्रशिक्षित गरिएको छ । यसले परीक्षार्थीहरूलाई आफ्नो वास्तविक क्षमता प्रदर्शन गर्ने निष्पक्ष अवसर प्रदान गर्दछ ।

डिजिटल उपकरणमार्फत थप तयारी

तयारी अर्को यस्तो पक्ष हो जहाँ विद्यार्थीहरूलाई सरल र भरपर्दो सहयोगको आवश्यकता पर्छ। विशेषगरी मुख्य सहरभन्दा बाहिर बसोबास गर्नेहरू, नियमित रूपमा भौतिक कक्षामा उपस्थित हुन सक्दैनन् । ती सबै शिक्षार्थीहरूलाई डिजिटल तयारीका साधनले आफ्नै गतिमा अभ्यास गर्न, कमजोर पक्ष बुझ्न र परीक्षाको दिनअघि आत्मविश्वास बढाउन सहयोग गर्छन् ।

आधिकारिक पिटिई एआई अभ्यासले पूर्ण टेस्ट, योग्यतासम्बन्धी खण्डका परीक्षा र व्यक्तिगत अभ्यासका प्रश्न उपलब्ध गराउँछ । जसमा प्रत्येक प्रश्नको तत्काल एआई स्कोरिङ र प्रतिक्रिया प्राप्त हुन्छ । एआई ट्युटरबाट प्राप्त लक्षित मार्गदर्शनसँगै, यसले सिकाइमा सुधार गर्नुपर्ने कुरा बुझ्न, आत्मविश्वास बढाउन र आफ्नो प्रगतिको गति तीव्र पार्न सहयोग गर्दछ ।

विद्यार्थीलाई अवसर

नेपाली विद्यार्थीका लागि वैश्विक शिक्षालाई अझ सुलभ बनाउने क्रममा काठमाडौंबाहिर परीक्षा केन्द्र विस्तार गर्नु एक महत्त्वपूर्ण कदम हो । चितवनजस्ता केन्द्रमा समेत क्षेत्रीय पहुँचको सुविधाले विद्यार्थीलाई समय बचत गर्न, यात्राको तनाव कम गर्न र विदेशमा अध्ययान गर्ने आफ्ना योजना अझ बढी आत्मविश्वासका साथ अघि बढाउन महत गर्न सक्छ ।

नेपाली विद्यार्थी र उनीहरूका अभिभावकका लागि विदेशमा अध्ययन गर्ने यात्रा जटिल लाग्न सक्छ । तर लचिलो परीक्षा प्रणाली, छिटो नतिजा, निष्पक्ष अंकन र तयारीका लागि उत्कृष्ट साधनहरूको सहयोगले विद्यार्थीहरूले अझ बढी स्पष्टता र आत्मविश्वासका साथ आफ्नो यात्राको अर्को पाइला अघि बढाउन सक्छन् । यसको उद्देश्य नेपालका सक्षम सिकाइलाई विश्वस्तरीय कक्षाकोठा र पेसागत अवसरसम्म पुग्न सहयोग गर्नु हो ।

(प्रभुल अंग्रेजी भाषा सिकाइ, दक्षिण एसिया, पिटिईका क्षेत्रीय डाइरेक्टर हुन् ।)

इतिहासको पाना

● सन्तोष खडेरी

नेहरू र गान्धीसँग पद्मशमशेरको त्यो भेट



सन् १९४५ नोभेम्बर २९ देखि १९४८ अप्रिल ३० सम्म नेपालका श्री ३ महाराज एवं प्रधानमन्त्री रहेका पद्मशमशेरले सन् १९४८ फेब्रुअरी २० मा मुलुक छाडेका थिए । राणाभित्रकै चन्द्रगुट र जुद्धगुटको दबावमा परेका उनले केही सुधारवादी कदम चाल्ने प्रयास गरेका थिए । यही क्रममा नेपालको पहिलो संविधान मानिने 'नेपाल सरकारको वैधानिक कानुन, २००४' जारी गरेर उपचारको बहानामा भारत गएका थिए ।

नेपालस्थित ब्रिटिस राजदूत फाल्कनरसँगको कुराकानीमा उनले बुढ्यौली र स्वास्थ्यका कारण प्रधानमन्त्रीको जिम्मेवारी छाड्ने संकेत गरेका थिए । राजीनामापछि भारतको राँचीमा बस्ने योजना बनाएका उनले त्यहाँ घर बनाउन जग्गा, निर्माण सामग्री र सुरक्षाका लागि भारतीय सुरक्षाकर्मी राख्न पाउनुपर्ने मागसमेत गरेका थिए ।

नेपालबाट चारदेखि पाँच हजार तोला सुन लैजान चाहेको र त्यसमा आउन सक्ने कठिनाइबारे पनि उनले चासो राखेका थिए । यस आधारमा उनीसँग रहेको सुन भारत लगेको हुन सक्ने अनुमान गरिएको छ ।

काठमाडौं छाडेपछि उनी केही दिन वीरगन्जको मुरली दरबारमा बसे । त्यसपछि कलकत्ता, दिल्ली र इलाहाबाद पुगे । इलाहाबाद विश्वविद्यालयले उनलाई मानार्थ 'डक्टर अफ ल' उपाधि प्रदान गरेको थियो । त्यसपछि बनारस हुँदै राँची फर्किएर उनी त्यहीँ बस्न थाले ।

तस्बिरमा पद्मशमशेर, भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू, उनकी छोरी इन्दिरा गान्धी र नेपाली राणा जर्नेलहरू देखिन्छन् । तस्बिरमा देखिएकी पद्मशमशेरकी छोरी को हुन् भन्ने स्पष्ट छैन । उनी कमलादेवीतर्फकी छोरी हुन सक्ने अनुमान गरिएको छ । सन् १९४८ अप्रिल ३० मा पद्मशमशेरले भारतबाटै राजीनामा दिए । सोही दिन मोहनशमशेर नयाँ प्रधानमन्त्री घोषित भए । सन् १९६१ अप्रिल ११ मा कलकत्तामा हृदयाघातका कारण ७९ वर्षको उमेरमा पद्मशमशेरको निधन भयो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com **मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

‘सडक सुरक्षामा ट्राफिक प्रहरीको भूमिका महत्त्वपूर्ण’

काठमाडौं/मस-प्रतिनिधिसभाको पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले काठमाडौं उपत्यकाको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतबार आयोजना गरेको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनसम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रममा सभापति गजुरेलले विगतका वर्षको तुलनामा उपत्यकाको ट्राफिक व्यवस्थापनमा सुधार आएको बताए ।

उनले सडक सुरक्षा र ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्दै सडक सुरक्षा सुनिश्चित गर्न सबैले ट्राफिक नियमको पालना गर्नुपर्ने बताए ।

बढ्दो सवारी चापलाई ध्यानमा राख्दै ट्राफिक व्यवस्थापनका लागि थप जनशक्ति परिचालन गर्नुपर्नेमा जोड दिँदै उनले सुरक्षित आवागमनका लागि सम्बन्धित निकायबीच निरन्तर सहकार्य र साझा प्रतिबद्धता आवश्यक रहेको बताए । कार्यक्रममा उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले सडक सुरक्षा, ट्राफिक नियमको पालना, सवारी दुर्घटना न्यूनीकरण तथा पैदलयात्रीको सुरक्षाका लागि ट्राफिक प्रहरी अहोरात्र खटिरहेको बताए ।

उनले ट्राफिक प्रहरी कर्मचारीलाई व्यक्तिगत रिसइबी नराखी निष्पक्ष र जिम्मेवार ढंगले कार्यसम्पादन गर्न निर्देशन दिए। सेवामा प्रवेश गर्दा लिएको शपथअनुसार देश र नागरिकको सेवामा प्रतिबद्ध हुनुपर्ने उल्लेख गर्दै उनले आर्थिक अनियमितितामा शून्य सहनशीलता अपनाउनुपर्ने बताए ।

सरकारबाट प्राप्त सेवा सुविधाप्रति असन्तुष्टि भए वैकल्पिक बाटो रोज्न सकिने उनको भनाइ थियो ।

प्रमुख काफ्लेले सडक सुरक्षा अभिवृद्धि, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन तथा दुर्घटनामुक्त यातायात प्रणाली विकासका लागि जनचेतनामूलक कार्यक्रम र अन्तरक्रियालाई निरन्तरता दिइएको जानकारी दिए ।

कार्यक्रममा सहभागीहरूले सवारी दुर्घटना न्यूनीकरणका लागि चालक, पैदलयात्रीलगायत सबै सडक प्रयोगकर्ताले आफ्नो जिम्मेवारी पूरा गर्दै ट्राफिक नियमको पूर्ण पालना गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा उपत्यका ट्राफिक प्रहरी कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत ५०६ जना ट्राफिक प्रहरी अधिकृत तथा कर्मचारीको सहभागिता रहेको थियो ।

स्थानीय पाठ्यक्रममा रक्तदान शिक्षा समावेश

चितवन/मस-भरतपुर महानगरपालिकाले कक्षा ६ देखि ८ सम्मका विद्यार्थीका लागि तयार गरेको स्थानीय पाठ्यक्रममा रक्तदान शिक्षालाई समावेश गरेको छ । महानगरपालिकाका अनुसार नेपालमै पहिलोपटक स्थानीय पाठ्यक्रममा रक्तदान शिक्षालाई समावेश गरिएको हो । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुख सुवासचन्द्र आचार्यका अनुसार चितवनमा रगतको अभाव हुने समस्या रहेकाले विद्यार्थीलाई रक्तदान गर्न प्रेरित गर्ने उद्देश्यले पाठ्यक्रममा यस विषयलाई समेटिएको हो ।

विपद् विषयक्षेत्रअन्तर्गत रक्तदान शिक्षालाई समावेश गरिएको उनले बताए । बालबालिकामा मानवता, सेवाभाव र रक्तदानप्रति सकारात्मक सोच विकास गर्न यसले महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ ।

महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले रक्तदानको आवश्यकता, महत्व र मानवीय पक्षलाई ध्यानमा राखेर स्थानीय पक्षलाई ध्यानमा राखेर स्थानीय पाठ्यक्रममा यस विषयलाई समावेश गरिएको बताए । चिकित्सक तथा शिक्षाविद्सँगको परामर्शका आधारमा पाठ्यक्रममा रक्तदान शिक्षालाई स्थान दिइएको उनले जानकारी दिए ।

कतारमा एनआरएनएको नवौं मध्यपूर्व क्षेत्रीय सम्मेलन हुँदै, श्रमिकका मुद्दा प्राथमिकतामा

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १५ कात्तिक



गैरआवासीय नेपाली संघ (एनआरएनए)को नवौं मध्यपूर्व क्षेत्रीय सम्मेलन आगामी डिसेम्बर ११ र १२ मा कतारको दोहामा आयोजना हुने भएको छ । ‘सहयात्रा’ अवधारणासहित ‘सुरक्षित श्रम आप्रवासन, समृद्ध भविष्य, एनआरएनएको अभियान’ भन्ने मूल नाराका साथ आयोजना हुन लागेको सम्मेलनमा मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकका अधिकार, सुरक्षा, सामाजिक संरक्षण र आर्थिक अवसरका विषयलाई प्राथमिकताका साथ उठाइने भएको छ ।

सम्मेलनको तयारी, उद्देश्य र प्राथमिकताबारे जानकारी गराउन शनिबार दोहामा आयोजित प्रारम्भिक पत्रकार सम्मेलनमा मध्यपूर्व संयोजक तथा मूल आयोजक समितिका संयोजक रमेश श्रेष्ठले सम्मेलनलाई मध्यपूर्वमा रहेका नेपाली श्रमिकको साझा आवाज मुखरित गर्ने मञ्चका रूपमा विकास गरिने बताए । भौतिक तथा भर्चुअल माध्यमबाट आयोजित पत्रकार सम्मेलनमा श्रेष्ठले वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सामाजिक सुरक्षा कोषमा सहज रूपमा आबद्ध गराउने, न्यूनतम पारिश्रमिक सुनिश्चित गर्ने, वैधानिक माध्यमबाट रेमिट्यान्स प्रवाह बढाउने तथा प्रवासमा आर्जित सीप, प्रविधि र पुँजीलाई नेपालको उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने विषय सम्मेलनका प्रमुख एजेन्डा हुने जानकारी दिए ।

सम्मेलनमा प्रवासमा रहेका नेपालीलाई मतदानको अधिकार सुनिश्चित गर्ने, विदेशमा अलपत्र परेका, कानुनी समस्यामा परेका तथा ब्लड मनी तिर्नुपर्ने अवस्थामा रहेका नेपालीको उद्धार र सहयोगका लागि प्रभावकारी संयन्त्र निर्माण गर्ने विषयसमेत उठाइने आयोजकले जनाएको छ । मध्यपूर्वका नेपाली दूतावासमा कानुनी सहायता उपलब्ध गराउन नेपाल सरकारका तर्फबाट वकिलको व्यवस्था गर्नुपर्ने विषयलाई पनि प्राथमिकताका साथ छलफलमा ल्याइने बताइएको छ ।

सम्मेलनको ब्यानरमा समेटिएको ‘सहयात्रा’ अवधारणाबारे स्पष्ट पार्दै संयोजक श्रेष्ठले एनआरएनएको अन्तर राष्ट्रिय समन्वय परिषद् (आइसिसी), राष्ट्रिय समन्वय परिषद् (एनसिसी), मध्यपूर्वमा क्रियाशील सामाजिक संघ-संस्था, श्रमिक, उद्यमी तथा अन्य सरोकारवालाबिच आपसी समझदारी र सहकार्य स्थापित गर्नु यसको मुख्य उद्देश्य रहेको बताए । उनका अनुसार सम्मेलन कुनै एउटा संस्था वा नेतृत्वको अभियानमा सीमित नभई मध्यपूर्वमा रहेका नेपाली समुदायका साझा सवाल सम्बोधन गर्ने सामूहिक प्रयास हो ।

आयोजकका अनुसार सम्मेलन रेडिसन ब्लु होटेलमा आयोजना हुनेछ । सम्मेलनका लागि करिब दुई लाख ५० हजार कतारी रियाल बजेट अनुमान गरिएको छ । होटेल व्यवस्थापन, अतिथि सत्कार, खाना, यातायात तथा सञ्चार व्यवस्थापनलगायत शीर्षकमा उक्त रकम खर्च हुने जनाइएको छ । नेपाल सरकारका मन्त्री तथा उच्च अधिकारी, एनआरएनएका केन्द्रीय तथा क्षेत्रीय पदाधिकारी, मध्यपूर्वका विभिन्न देशका प्रतिनिधि र सञ्चारकर्मीसहित करिब चार सय जनाको सहभागिता रहने अपेक्षा गरिएको छ ।

एनसिसी कतारका अध्यक्ष कृष्ण पन्थीले सम्मेलन सफल बनाउन कतारमा क्रियाशील सम्पूर्ण नेपाली संघ-संस्थासँग सहकार्य र समन्वय गरिने बताए । उनले सम्मेलनलाई संस्थागत कार्यक्रमका रूपमा मात्र नभई समग्र नेपाली समुदायको साझा अभियानका रूपमा अघि बढाउन सबै पक्षको सहभागिता आवश्यक रहेको धारणा राखे । पत्रकार सम्मेलनमा एनआरएनए आइसिसीका अध्यक्ष डा. हेमराज शर्मा, उपाध्यक्ष बुद्धि सुवेदी, पूर्व अध्यक्ष आरके शर्मालगायत पदाधिकारीले सम्बोधन गर्दै मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकका समस्या समाधान र उनीहरूको योगदानको सम्मानका लागि संस्थागत पहल आवश्यक रहेको धारणा राखे । उनीहरूले सम्मेलनबाट प्राप्त हुने सुझाव तथा निष्कर्षलाई कार्यान्वयनमा लैजान केन्द्रको सहयोग र ऐक्यबद्धता रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा मध्यपूर्व सदस्य सचिव वासुदेव सापकोटाले भर्चुअल माध्यमबाट सहजीकरण गरेका थिए भने प्रत्यक्ष कार्यक्रम सञ्चालन एनसिसी कतारका सचिव शंकर राईले गरेका थिए । कार्यक्रममा मध्यपूर्व उपसंयोजक तथा मिडिया व्यवस्थापन समितिका संयोजक करिम बक्स मियाँले सञ्चारमाध्यमको सहभागिता, समन्वय र प्रचारप्रसारसम्बन्धी जिज्ञासाको जवाफ दिएका थिए । पत्रकारहरूले विगतका मध्यपूर्व क्षेत्रीय सम्मेलनका उपलब्धि, निर्णय कार्यान्वयनको अवस्था, प्रस्तावित कार्यक्रमको पारदर्शिता र श्रमिकका मुद्दा सम्बोधन गर्ने व्यावहारिक योजनाबारे प्रश्न उठाएका थिए । विगतका सम्मेलनबाट भएका उपलब्धिको समीक्षा गर्दै यस पटकको सम्मेलनलाई परिणाममुखी बनाउनुपर्ने सुझावसमेत उनीहरूले दिएका थिए । आयोजकले सम्मेलनलाई व्यवस्थित, पारदर्शी र श्रमिक केन्द्रित बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो ।

कतारमा क्रियाशील विभिन्न वैचारिक, जातीय, क्षेत्रीय, सांस्कृतिक तथा सामाजिक संघ-संस्थाका प्रतिनिधि, आइसिसीका पदाधिकारी, सल्लाहकार, विभिन्न समिति तथा उपसमितिका प्रतिनिधि, सामाजिक अभियन्ता र सञ्चारकर्मीको प्रत्यक्ष तथा भर्चुअल सहभागिता रहेको पत्रकार सम्मेलनमा सहभागी संस्थाका प्रतिनिधिहरूले सम्मेलन सफल बनाउन सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाएका थिए ।

सम्मेलनको समापनमा मध्यपूर्वमा रहेका नेपाली श्रमिकका साझा समस्या, अधिकार र सरोकारका विषय समेटेर घोषणापत्र जारी गरिने आयोजकले जनाएको छ । घोषणापत्र नेपाल सरकार तथा सम्बन्धित निकायमा बुझाइनेछ । साथै, सम्मेलनअघि विभिन्न देश, संघ-संस्था, श्रमिक र सरोकारवालाबाट सुझाव संकलन गरी एजेन्डालाई थप परिष्कृत गरिने जनाइएको छ ।

बाढीपहिरोबाट १६६ परिवार प्रभावित



म्यादी/मस-बाढीपहिरोबाट मंगला गाउँपालिकामा १६६ घरपरिवार प्रभावित भएका छन् । बाढीपहिरोले १७ घरमा पूर्ण क्षति भएको छ भने ७७ घर उच्च जोखिममा र ७२ घर जोखिममा छन् ।

गाउँपालिकाका अनुसार विपद्बाट ५७२ रोपनी खेतबारीमा क्षति पुगेको छ । यसैगरी, १२ वटा गोठ पूर्ण र १८ वटा आंशिक क्षति भएको छ भने २० वटा सडकमा पनि क्षति भएको छ ।

गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाका अनुसार वडा नं ५ को छिसवाङ, वडा नं २ को भाइवाङ र वडा नं ४ को महेशलाई जोखिमयुक्त बस्तीका रूपमा पहिचान गरिएको छ । विपद्बाट प्रभावित परिवारलाई राहत वितरण तथा अस्थायी बसोबासको व्यवस्था गर्नुका साथै क्षतिको विवरण संकलन भइरहेको छ ।

बाढीपहिरोबाट विस्थापित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । पहिरोबाट विस्थापित गाउँपालिका-३ बरञ्जाका गंगाप्रसाद पुर्जा र कृष्णलाल सापकोटा बस्ती संरक्षण र पहिरो नियन्त्रणका निम्ति स्थानीय तह सक्रिय हुनुपर्नेमा जोड दिँदै त्यसो नगरे आगामी वर्षायाममा अझ क्षति हुने बताउँछन् ।

छिसवाङ, सहस्रधारा, तोराखेत र सेराफाँट क्षेत्रमा म्याग्दी नदीको कटानले बस्ती जोखिममा पारेको छ । सिँचाइ तथा खानेपानी आयोजनामा भएको क्षतिको विवरण संकलन भइरहेको गाउँपालिकाले जनाएको छ ।

शुक्लाफाँटामा जंगली हात्तीलाई रेडियो कलर लगाउने प्रक्रिया अघि बढ्यो



कञ्चनपुर/मस-कञ्चनपुर स्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा लामो समयदेखि बस्तीमा प्रवेश गरी जनधन तथा बालीनालीमा क्षति पुऱ्याउँदै आएका जंगली हात्तीको निगरानीका लागि रेडियो कलर जडान गर्ने प्रक्रिया अघि बढाइने भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयलाई रेडियो कलर जडानको कार्य अगाडि बढाउन निर्देशन दिएको हो ।

जंगली हात्तीको आवतजावतसम्बन्धी सूचना संकलन गरी मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि रेडियो कलर व्यवस्थापन गर्न अनुरोध गरेको छ ।

रेडियो कलरबाट प्राप्त तथ्यांकको नियमित अनुगमन तथा विश्लेषण गरी हात्तीको आवागमन र बस्तीमा प्रवेश गर्न सक्ने सम्भावित जोखिमको पूर्वानुमान गर्न विभागको उद्देश्य छ ।

कृषि, वन तथा वातावरण मन्त्री गिता चौधरीले रेडियो कलरबाट प्राप्त तथ्यांकको नियमित अनुगमन तथा विश्लेषण गरी हात्तीको आवागमन र बस्तीमा प्रवेश गर्न सक्ने सम्भावित जोखिमको पूर्वानुमान गर्न सकिने बताइन् । यसबाट स्थानीय समुदायलाई समयमै सचेत गराउन तथा मानवीय क्षति, बालीनाली र भौतिक सम्पत्तिमा हुने नोक्सानी न्यूनीकरण गर्न सहयोग पुग्ने उनको भनाइ छ ।

रेडियो कलर जडान गर्दा निकुञ्जका वरिष्ठ संरक्षण अधिकृतको प्रत्यक्ष सुपरिवेक्षणमा पशु चिकित्सकसहितको प्राविधिक टोलीको समन्वयमा काम गरिने मन्त्री चौधरीले बताइन् । उनले हात्तीको सुरक्षालाई प्राथमिकता दिँदै वैज्ञानिक विधिबाट रेडियो कलर जडान गर्नुका साथै त्यसपछिको नियमित अनुगमनसमेत गरिने जानकारी दिइन् ।

निकुञ्जबाहिर बढ्दै बाघ

बस्तीमा जोखिम

मध्यान्ह संवाददाता
काठमाडौं, १५ कात्तिक



चितवन राष्ट्रिय निकुञ्जमा बाघको संख्या बढ्दै जाँदा वन्यजन्तु संरक्षणसँगै मानव-बाघ द्वन्द्वको चुनौती पनि थपिएको छ । बाघहरू निकुञ्जको भित्री भागमा मात्र सीमित नरही मध्यवर्ती क्षेत्र र निकुञ्जबाहिरका वनतर्फ फैलिन थालेका छन् । पछिल्लो वैज्ञानिक अध्ययनले निकुञ्जभित्रभन्दा बाहिरका वनमा बाघको संख्या तीव्र गतिमा बढिरहेको देखाएको छ।

अन्तर्राष्ट्रिय वैज्ञानिक जर्नल ‘ओरिक्स : द इन्टरनेसनल जर्नल अफ कन्जर्भेसन’मा प्रकाशित अध्ययनअनुसार सन् २०१८ देखि २०२२ सम्म चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा बाघको अनुमानित संख्या ८७ बाट बढेर १२२ पुगेको छ । यो चार वर्षमा करिब ४० प्रतिशतको वृद्धि हो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसन्धानकर्ता हरिबहादुर आचार्यसहितको वैज्ञानिक टोलीले गरेको अध्ययनअनुसार निकुञ्जको भित्री भागमा बाघको संख्या ५७ बाट बढेर ७० पुगेको छ । यस अवधिमा निकुञ्जभित्र बाघको संख्या २३ प्रतिशतले बढेको हो ।

तर, मध्यवर्ती क्षेत्रमा १७ बाट बढेर २८ पुगेको छ । यो ६५ प्रतिशतको वृद्धि हो । सबैभन्दा बढी वृद्धि निकुञ्जबाहिरका वनमा देखिएको छ । त्यहाँ बाघको संख्या ६ बाट बढेर १४ पुगेको छ । अर्थात् चार वर्षमा १३३ प्रतिशतले वृद्धि भएको हो ।

अध्ययनले बाघको संख्या बढ्नुका साथै उनीहरूको वासस्थानमा पनि परिवर्तन भइरहेको देखाएको छ । विशेषगरी भाले र पोथी बाघको वासस्थान चयनमा फरक प्रवृत्ति देखिएको छ ।

निकुञ्जको भित्री भागमा पोथी बाघको संख्या ४८ मै स्थिर रहँदा मध्यवर्ती क्षेत्रमा भने ७ बाट बढेर १३ पुगेको छ। यसले पोथी बाघले मध्यवर्ती क्षेत्रका वनलाई प्रजनन र डमरु हुर्काउने वासस्थानका रूपमा समेत प्रयोग गर्न थालेको संकेत गर्छ ।

अर्कोतर्फ, भाले बाघहरू आफ्नै क्षेत्र कायम राख्न आपसमा प्रतिस्पर्धा गर्ने भएकाले नयाँ वासस्थानको खोजीमा निकुञ्जबाहिरका वनतर्फ फैलिएको अध्ययनले औंल्याएको छ । बाघको संख्या बढ्दै जाँदा निकुञ्जभित्रको वासस्थानमा सीमितता आउनु र नयाँ क्षेत्र खोज्नु यसको एउटा कारण हुन सक्छ ।

बाघको वासस्थान निकुञ्जबाहिरका वनसम्म विस्तार हुनु संरक्षणका दृष्टिले सकारात्मक उपलब्धि भए पनि यसले स्थानीय बासिन्दाको सुरक्षामा नयाँ चुनौती थपेको छ । मध्यवर्ती र सामुदायिक वनमा बाघको उपस्थिति बढ्दा घाँस-दाउरा गर्न, पशु चराउन तथा वन पैदावार संकलन गर्न जाने स्थानीय बासिन्दासँग जम्काभेट हुने जोखिम बढ्छ ।

अनुसन्धानकर्ताहरूका अनुसार आगामी दिनमा निकुञ्जबाहिरका वनमा पनि बाघको स्थायी वासस्थान विस्तार हुन सक्ने सम्भावना छ । त्यसैले बाघको संख्या र आवागमनको नियमित निगरानीसँगै मानव-बाघ द्वन्द्व न्यूनीकरणका उपाय प्रभावकारी बनाउन आवश्यक छ । यसका लागि बाघको आवागमन हुने वन क्षेत्रमा पूर्वसूचना प्रणाली (अर्ली वार्निङ सिस्टम) विकास गर्ने, जोखिमयुक्त क्षेत्र पहिचान गर्ने, मध्यवर्ती वनको व्यवस्थापन सुधार गर्ने र स्थानीय बासिन्दालाई सुरक्षासम्बन्धी जानकारी तथा आवश्यक सावधानीका उपाय उपलब्ध गराउनुपर्ने अध्ययनले औंल्याएको छ ।

बाघ संरक्षणमा प्राप्त उपलब्धि दिगो बनाउन अब निकुञ्जभित्रको संरक्षण मात्रै पर्याप्त हुने छैन । निकुञ्जबाहिरका वन र मानव बस्ती आसपासमा बढ्दो बाघको उपस्थितिलाई व्यवस्थापन गर्दै वन्यजन्तु र स्थानीय समुदायबीच सुरक्षित सहअस्तित्व कायम गर्नु थप महत्त्वपूर्ण बनेको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०५/२३ मा दर्ता भएको **दर्ता नं.१७४७८०** को **अष्ट्रेलिया नेपाल होलिडे प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७५४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०४/२६ मा दर्ता भएको **दर्ता नं. ९५८९६** को **मेरो स्काई ग्रुप प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४१४१०७५४

साउदीमा रोजगार कम्पनी: AL-TAALUOQ ALARABI GENERAL CONTRACTING EST. शहर: Saudi Arabia,AL JUBAIL, पुर्व स्वीकृत मिति: २०८३/०७/१५ चलानी नं.: ६०२६२४७१ L.T. No.:349887

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तलबबिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Factory Labors	5	0	सम्बन्धित कामका दक्ष	1000	४०४००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	LOADING & UN LOADING STAFF	2	0		1000	४०४००							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २३ गते (9 November 2026) मा हुनेछ ।

स्वदेशमा भर्ती केन्द्रकलको शुल्क कसले व्यहोर्ने र कति तामे	विदेशमा भर्ती केन्द्रकलको घर्च कसले व्यहोर्ने	स्वदेशमा मरिने म्याद् जीवन बिमा कसले व्यहोर्ने/कति तामे	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति तामे	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्टाम्पीडेट शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तामे र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तामे र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	निःशुल्क

मेडिकल रोजगार विमालगायत सरदाहरुको जानकारी :- १. आफ्नो नाममा लिला प्राप्त भईसके निशिक्त भएपछि माग कम्पनीमा जाई रकम बुझाउनु होला । २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली बुटवलिक निकोको सम्पर्क ठेगना र फोन न: हर सामना राख्नु होला । आफ्नु कर्तिबद्दमा यहाँ सम्पर्क गर्न सकिने हुन्छ । ३. बस विज्ञापन (मुखमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिएमा । ४. विदेश जाने अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जाने अघि आफ्ना जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहनेगरि घरेर माग सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा टिकिट सम्बन्धमा हुन्छ । ७. बस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, लाइनमाना सम्पर्क गर्नु होला ।

एडभेन्चर ह्युमन रिसोर्स प्रा. लि. श्रम इजाजत पत्र नं. ७४२/०६७/०६२
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५५०

मलेसियामा रोजगार कम्पनी: STARFORCE DYNAMIC SDN. BHD. शहर: MALAYSIA पुर्व स्वीकृत मिति: २०८२/०७/२८ चलानी नं.: ६०२४७४१५ L.T. No.: 333728 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तलबबिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	62	0	स. कामका दक्ष	1700	६३,५२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २३ गते (9 November 2026) मा हुनेछ ।

स्वदेशमा भर्ती केन्द्रकलको शुल्क कसले व्यहोर्ने र कति तामे	विदेशमा भर्ती केन्द्रकलको घर्च कसले व्यहोर्ने	स्वदेशमा मरिने म्याद् जीवन बिमा कसले व्यहोर्ने/कति तामे	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति तामे	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्टाम्पीडेट शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तामे र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तामे र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	निःशुल्क

मेडिकल रोजगार विमालगायत सरदाहरुको जानकारी :- १. आफ्नो नाममा लिला प्राप्त भईसके निशिक्त भएपछि माग कम्पनीमा जाई रकम बुझाउनु होला । २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली बुटवलिक निकोको सम्पर्क ठेगना र फोन न: हर सामना राख्नु होला । आफ्नु कर्तिबद्दमा यहाँ सम्पर्क गर्न सकिने हुन्छ । ३. बस विज्ञापन (मुखमा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिएमा । ४. विदेश जाने अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जाने अघि आफ्ना जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रहनेगरि घरेर माग सम्बन्धित पक्षमा हस्ताक्षर गर्नु होला र यो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा टिकिट सम्बन्धमा हुन्छ । ७. बस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, लाइनमाना सम्पर्क गर्नु होला ।

Al Zahra Human Resources Consultancy Private Limited
Battisputali, Kathmandu, Nepal, , Tel: 01-4586369, Mob.: +977 981-0003423 (Muna Basnet)
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com
Gov. Lic No.: 1657/080/081

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

विनिता गुरुङ बनिन् 'मिसेस नेपाल वर्ल्ड २०२६'

काठमाडौं/मस– हिवस्पर मिसेस नेपाल वर्ल्ड २०२६ को उपाधि नेपाल राष्ट्र बैंककी उपनिर्देशक विनिता गुरुङले जितेकी छन्। रिवन इन्टरटेनमेन्ट प्रा.लि.को आयोजनामा शनिबार राति राजधानीमा सम्पन्न प्रतियोगितामा २१ प्रतिस्पर्धीलाई पछि पार्दै दिक्तेल, खोटाडकी गुरुङले शीर्ष उपाधि हात पारेकी हुन् । उपाधिसँगै उनले स्कुटर प्राप्त गरेकी छन्।

अधिवक्तासमेत रहेकी गुरुङले अमेरिकामा आयोजना हुने विवाहित महिलाहरूको अन्तर ष्ट्रिय प्रतियोगिता मिसेस वर्ल्डमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाउनेछिन्। उनले तपाईंको बजार बेस्ट पर्सनालिटी उपउपाधिसमेत जितेकी छन् । प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा आयोजित प्रतियोगितामा नेहा गुप्ता फस्ट रनर्सअप र रिबन इन्टरटेनमेन्ट म्यानेजमेन्ट च्वाइस, ज्योति लामिछाने सेकेन्ड रनर्सअप तथा सगुन खनाल थर्ड रनर्सअप र हर्लिक्स बेस्ट फिजिक घोषित भएका छन्।

त्यस्तै, शिल्पा न्यौपाने महर्जन मिसेस नेपाल इन्टरनेसनल २०२६, क्रिस्टिना ज्ञवाली मिसेस कोस्मो २०२६ र ऋचा शर्मा एमएस इन्टरनेसनल २०२६ का विजेता बनेका छन् । यी तीनै उपाधि विजेताले जनही ५० हजार रुपैयाँ प्राप्त गरेका छन्। मिसेस नेपाल इन्टरनेसनल र एमएस इन्टर नेसनलका विजेताले सिंगापुर तथा मिसेस कोस्मो विजेताले म्यानमारमा आयोजना हुने अन्तर ष्ट्रिय प्रतियोगितामा सहभागी हुने अवसर पाउने आयोजक संस्थाका प्रमुख कार्यकारी अधिकृत निशुकान्त झाले जानकारी दिए। कार्यक्रममा अभिनेत्री निरुता सिंहलाई मानार्थ मिसेस नेपाल वर्ल्ड २०२६ को उपाधिबाट सम्मान गरिएको छ । नेपाली फिल्म क्षेत्रमा साढे तीन दशकभन्दा लामो समयदेखि पुऱ्याएको योगदान र प्रेरणादायी व्यक्तित्वको कदर गर्दै उनलाई उक्त सम्मान प्रदान गरिएको आयोजक शिला बास्तोलाले बताइन्। उनको सम्मानमा मोडल तथा अभिनेता यसराज गराच, शिला गजुरेल र ऋचा थापाले निरुताले अभिनय गरेका फिल्मका गीतमा नृत्य प्रस्तुत गरेका थिए । उनीहरूले अभिनेता राजेश हमाल र निरुता सिंहलाई समेत मञ्चमा सहभागी गराएका थिए ।

प्रतियोगितामा विभिन्न विधाका उपाधि पनि प्रदान गरिएको थियो ।



सन्ध्या लामा अर्ना मोस्ट इनर्जेटिक, सुष्मा थापा निभिया फ्याबुलस फेस र केडी फोटोग्राफी मोस्ट फोटोजेनिक, अञ्जु परियार मोस्ट ट्यालेन्टेड, शिल्पा न्यौपाने महर्जन ब्युटी केयर एन्ड ब्युटी हब बेस्ट हेयर, दीप्ति दुंगेल हेल्दी स्किन, क्रिस्टिना ज्ञवाली बेस्ट च्याम्प वाक र ऋचा शर्मा दिनाज फेसन हाउस मोस्ट पड्चुअल घोषित भएका छन्। त्यसैगरी समीक्षा रानाभाट आयुथ वेदा बेस्ट स्माइल, श्वेच्छा पौड्याल रिलायबल डाइग्नोस्टिक ल्याबोरेटरी मोस्ट डिसिप्लिन्ड, कञ्चन महर्जन सेन्ट्रल फेसन एकेडेमी फेसन आइकन, बिन्दु थापा राणा मोस्ट कन्फिडेन्ट, यास्मिन बेगम सैयद मिसेस कन्जेनियालिटी र सुनिता श्रेष्ठ कर्माचार्य मिसेस ह्युम्यानिटेरियन घोषित भएका छन्। प्रतियोगितामा मिसेस वर्ल्ड २०२५ चनिता श्रीदाकेत क्रेथोर्न (स्यामी), महानायक राजेश हमाल, अभिनेत्री रेखा थापालगायतले विजेताहरूलाई पुरस्कृत गरेका थिए। प्रतियोगिताको निर्णायकमा राजेश हमाल, रेखा थापा, नेपाल प्रहरीकी पूर्वएआईजी मीरा चौधरी, सिप्रदी अटोपार्ट्सका उपाध्यक्ष युवराज बुढाथोकी, एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरे र मिसेस नेपाल वर्ल्ड २०२४ की विजेता डा. डेनिला कार्की रहेका थिए।

'पाँच पाण्डव'मा दीपाश्री फाइटर लेडी

काठमाडौं/मस– अभिनेत्री दीपाश्री निरौलाले चलचित्र 'पाँच पाण्डव'मा आफ्नो बलियो उपस्थिति रहेको बताएकी छन्। आफूलाई दर्शकले 'पाँच पाण्डव'मा फाइटर लेडीका रूपमा देख्न पाउने उनको भनाइ छ।

दीपाश्रीले यो सिनेमामा भीमकी श्रीमतीको भूमिका निर्वाह गरेकी छन्। भीमको भूमिकामा जितु नेपाल छन्। 'यसपटक मेरो चरित्र अलिक फरक छ। यो अलिकति फाइटर टाइपको भूमिका हो,' उनी भन्छिन्, 'मजदुरमाथि कसैले अन्याय गऱ्यो भने सबैभन्दा



पहिले मेरो हातखुट्टा चल्छन्।'

आफ्नो प्रवेश हुनेबित्तिकै दर्शकबाट सिठी, ताली र हुटिङ आउनेमा उनी ढुक्क छिन्। 'डबिङ गर्दा नै मलाई यस्तो महसुस भएको थियो । मेरो प्रवेश हुने दृश्यहरू निकै धमाकेदार छन्,' दीपाश्री भन्छिन्, 'ती दृश्यमा एकदमै जुझारु नारीको उपस्थिति महसुस हुन्छ । श्रीमानलाई पनि सुरक्षा दिने र उनको पक्षमा उभिने भूमिका छ।'

सिने करियरमा अहिलेसम्म निर्वाह गरेका भूमिकाभन्दा फरक भएकाले पनि यसलाई उनले नयाँ अनुभवका रूपमा लिएकी छन्।

'मेरो चरित्रको नाम सितर्नी हो। फिल्ममा अरूलाई गाली गर्दा पनि म सितर्नी भनेर गाली गर्छु,' उनी भन्छिन्, 'मलाई लाग्छ, यो शब्द दर्शकको मुखमा झुन्डिनेछ।'

यही कात्तिक २० गतेबाट प्रदर्शन हुने चलचित्रलाई बसन्त निरौलाले निर्देशन गरेका छन्।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०३/०३ मा दर्ता भएको **दर्ता नं. ७३६८७** को **काउन एयरलाईन्स प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४९४१०७५४

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/११/१९ मा दर्ता भएको **दर्ता नं. ६०७९७** को **हेलिकप्टर चार्टर प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४९४१०७५४

नबिल बैंक लिमिटेड, धनगढी शाखा, कैलालीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८३/०७/१६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गारिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरतापकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०७८/४/२१ को कान्तिपुर दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्युौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा धनगढी शाखा, कैलाली**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

ऋणी फर्मः प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योगको कार्यालय, धनगढी, कैलालीमा मिति २०७१/०८/०७ मा प्रा.फ.र.नं. ७७१३ अन्तर्गत दर्ता भएको **ओम केदार च्याऊ तथा तरकारी फर्म** ।

ठेगानाः कैलाली जिल्ला धनगढी उप. म. न. पा. वडा नं. १२।

ऋणी फर्मका प्रोप्राईटरः

अम्मर सिंह घर्ति मगर को नाति जमान सिंह घर्ति मगरको छोरा कैलाली जिल्ला धनगढी न. पा. वडा नं. १२ ठेगाना ना.प्र.न. २५९४८ (जारी मितिः २०५५/९/१२ स्थान कैलाली), भएका **कमल वहादुर घर्ति मगर** ।

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. अम्मर सिंह घर्ति मगर को नाति जमान सिंह घर्ति मगरको छोरा कैलाली जिल्ला धनगढी न. पा. वडा नं. १२ स्थायी ठेगाना ना.प्र.न. ६७१०२०/५७०४ (जारी मितिः २०६५/७/२८ स्थान कैलाली), भएका **हुकुम वहादुर घर्ति मगर** ।
२. राम वहादुर पुनको छोरी कमल वहादुर घर्ति मगरको श्रीमती कैलाली जिल्ला धनगढी न. पा. वडा नं. १२ ठेगाना ना.प्र.न. ३००२६ (जारी मितिः २०५६/२/१३ स्थान कैलाली), भएकी **गौरी देवी घर्ती मगर** ।

धितोको विवरण

१. **ओम केदार च्याऊ तथा तरकारी फर्म**को नाममा दर्ता कायम रहेको कैलाली जिल्ला सावीक धनगढी न. पा. वडा नं. १२ कित्ता नं क्रमशः ४५० र ४६३ को क्षेत्रफल क्रमशः ०–०–७–० र ०–२–१३–० बिगाहाका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।
२. **कमल वहादुर घर्ति मगर**को नाममा दर्ता कायम रहेको कैलाली जिल्ला सावीक धनगढी न. पा. वडा नं. १२ कित्ता नं ४६४ को क्षेत्रफल ०–७–१३–० बिगाहाका घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा धनगढी शाखा, कैलाली** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/७/३० गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा धनगढी शाखा, कैलाली**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/८/१ गते ३:०० बजे बैंकको **धनगढी शाखा, कैलाली**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ, बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको अवधीभित्र आफुले कवुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
